नागोया शहर मास्टर-प्लान २०२३ को गाइडबुक

# NAGOYA
# बारे सँगै योजना गरौं!



ओसामु हायाशीको उद्घाटन-अन्तर्वार्ता

## नागोयाको भविष्य तर्फ
## एक अग्रणीय ग्लोबल शहर को रूप मा!




# नागोया शहर मास्टर-प्लान २०२३ नयाँ युगको लागि

**जापानको नयाँ इम्पीरियल युग, रेईवामा नागोयाको कसरी विकास हुनेछ?**
**यो कस्तो प्रकारको शहर बन्नेछ?**

**यस गाईडबुकको उद्देश्य नागोया शहरको मास्टर प्लान २०२३ लाई नागोयाको भविष्य निर्माण गर्ने आशामा भएका हरेकजना संग बाँढनु हो।**

**नागोया बारे सँगै योजना गरौं!**



# विषय-सुचि


उद्घाटन-अन्तर्वार्ता [ओसामु हायाशीको] ........ 3

मास्टर-प्लान सम्बन्धि ........ 5

1 नागोयाको वर्तमान र भविष्य ........ 6

नागोयाको शक्तिहरु ........ 7

नागोया वरिपरिका सामाजिक चलनहरु ........ 8

शहरी योजना नीति ........ 9

नागोयाका लागि हाम्रो ५ परिकल्पनाहरू ........ 11

मास्टर-प्लान बनाउने प्रक्रिया ........ 13

2 नागोयाको परिकल्पनाहरू प्राप्त गर्द ........ 14

परिकल्पना 1 ........ 15

परिकल्पना 2 ........ 17

परिकल्पना 3 ........ 19

परिकल्पना 4 ........ 21

परिकल्पना 5 ........ 23

बासिन्दाहरूको लागि सेवाहरू विस्तार गर्दै ........ 25

यो नागोयाको चम्किने मौका हो! ........ 27

दिगो विकास लक्ष्यहरू ........ 29

3 रणनीतिक फोकसहर ........ 30


रणनीति 1 ........ 31

रणनीति 2 ........ 33

रणनीति 3 ........ 35

रणनीति 4 ........ 37

म नागोयाको बारेमा के मन पराउँछु ........ 39

**उद्घाटन-अन्तर्वार्ता**



## किताबले घेरिएको एक युवा।

**- तपाईंसँग नागोयाका कुन सम्झनाहरू छन्?**

टोकियोमा कलेजपछि, म तीस वर्षको उमेरमा नागोया फर्कें। म हाल दुबै नागोया र टोकियोमा आधारित छु।

मेरो बाल्यावस्थाको सम्झनाहरूमध्ये एउटा अक्सर पुस्तकालयहरू जानु थियो। म हिगाशी र मेइतो पुस्तक-संग्रहालय गएर पर्याप्त संख्यामा इतिहास र साहित्यका पुस्तकहरू सापटी लिने र पढ्ने गर्थें। म किताबहरू सापटी लिने गर्दथिए, तिनीहरूलाई फिर्ता गर्थिए, अनि फेरी उनै किताबहरू सापटी लिने गर्दथिए (हाँस्दै)। मलाई दगुर्न पनि मन पर्थ्यो, त्यसैले केहि उल्लेखनीय मध्ये, मिजोहो, फुकिआगे, अनि चुरुमा पार्क गएर हरेक दिन १० देखि १५ किलोमिटर दगुर्दथियें। हिजो, म लामो समयपछि मेइजो पार्कमा दगुर्न गएँ। त्यहाँको मार्ग वास्तवमै राम्रो छ, तर धावकहरूको स्तर पनि धेरै नै उच्च थियो! त्यति धेरै धावकहरूले उछिन्नु निराशजनक थियो (हाँस्दै)।

मलाई तोकाई हाई-स्कूलको छेउछाउको क्षेत्र पनि राम्रोसँग याद छ जहाँ म पढ्ने गर्दथियें। त्यहाँ एउटा पुरानो-शैलीको शपिंग-क्षेत्र छ जहाँ समय रोकिएको प्रतीत हुन्छ। मलाई नागोया शहरमा पुरानो र नयाँको एकीकरण देख्दा आनन्दको अनुभूति हुन्छ।

Interview/Osamu Hayashi

---

# नागोयाको बुद्धिमत्ता प्रयोग गरेर सिधै संसारसँग सम्पर्क गर्नु

## उत्पादन बाट अनुभव सम्म संसार भरि विस्तारिँदै

**- अब देखि नागोया बाट तपाईंको के अपेक्षा छ?**

नागोया, जहाँ मोटरगाडी, कपडा, सिरेमिक र विमान जस्ता उद्योगहरू केन्द्रित छन्, जापानको उत्पादनमा मुख्य भूमिका खेल्छ। यो निश्चित रूपमा नागोयाको एउटा शक्ति हो। र त्यस्ता उद्योगहरूलाई सहयोग गर्ने नागोया पोर्ट हुनुपर्छ। यो वास्तवमै अचम्मको कुरा हो कि पोर्टले शीर्ष कार्गो मात्रा, ढुवानी मूल्य, र जापानमा कार निर्यात नम्बरलाई समेटेको छ! मलाई लाग्छ नागोयाले यी उपलब्धिहरुमा अधिक गर्व गर्न मिल्छ। साथै, सेन्ट्रायर (चुबू अन्तर्राष्ट्रिय एयरपोर्ट) को पहुँचको मार्ग देशव्यापी स्तरमा राम्रो छ तर सायदै यो कुरा सबैलाई थाहा होला। दुबै नागोया पोर्ट र सेन्ट्रायर रसद पूर्वाधारका लागि महत्वपूर्ण हुन्, जसले तिनीहरूलाई नागोयाको उच्च उत्पादकत्व र प्रयोगकर्ता-मैत्रीमा जोड्दछ। मलाई लाग्छ कि नागोयाका जनतालाई यी उल्लेखनीय पक्षहरूका बारे बढी सचेत हुनुपर्छ।

नागोया र यसको वरपरका क्षेत्रहरूमा धेरै विश्वविद्यालयहरू, नोबेल पुरस्कार विजेताहरू, र विश्वव्यापी अनुसन्धानहरू छन् जो सक्रियतापूर्वक सञ्चालन भइरहेका छन्। यदि नागोयाले देश-विदेशका उत्कृष्ट विद्यार्थीहरूलाई आकर्षित गर्न र उनीहरूलाई यस क्षेत्रको उत्पादन उद्योगहरूमा परिचय गराउन सके, मलाई लाग्छ कि यसले नागोयालाई भविष्यको लागि ठूलो फाइदा दिनेछ।

चुओ शिन्कान्शेन म्याग्लेभ लाइन को उद्घाटन वास्तवमा भविष्य को लागि महत्वपूर्ण हुनेछ। हामी एउटा यस्तो युगमा छौं जहाँ नागोया र टोकियो एक अर्काबाट ४० मिनेट टाढा हुनेछन्। ओसाकासँग थप जोडिएर तीन ठूला महानगरहरू, टोकियो, नागोया र ओसाकामा पर्यटन, उद्योग र क्षेत्रीय सहयोग जस्ता विभिन्न क्षेत्रहरूमा धेरै फरक पर्नेछ। मेरो चिन्ताको विषय यति मात्र हो कि टोकियो र ओसाका बीचको छोटकर यात्राले जनसंख्या र आर्थिक गतिविधिलाई, “स्ट्र-ईफेक्ट” जसरी, प्रभाव पार्न सक्दछ। यदि तपाईं नागोया

林

गइरहनु भएको छ भने, तपाईं टोकियो वा ओसाका सम्म पनि जान सक्नुहुन्छ। सुविधाको परिणाम-स्वरुप यात्रीहरु नागोया कटेर जान सक्छन्। सकारात्मक र नकारात्मक प्रभावहरूका बारे सचेत हुनु आवश्यक छ र चिन्ताको भाव राख्नुपर्दछ ताकि चुओ शिन्कान्शेन दोहोरो तरवार नबनोस्। मलाई लाग्दछ कि हामी यस्तो समयमा छौं जहाँ जति बढी फाइदा हुन्छ, त्यति नै सामान्य हुनु आवश्यक हुन्छ। अर्कोतर्फ, बेफाइदहरूको बारेमा सोच्नको लागि स्वस्थ दिमाग हुनु आवश्यक छ।

हामी मानौं यस्तो युग तर्फ़ बढ्दै छौं जहाँ "उत्पादनहरुको खरीद" भन्दा बढी "अनुभवको खरीद" हुनेछ। आफ्नो औद्योगिक प्रविधि र बुद्धिमत्तालाई प्रयोग गरि, नागोयाले विश्वका साथ धेरै आकर्षक अनुभवहरूको साझेदारी गर्न सक्दछ। नागोयामा उपलब्ध भएका अनुभवहरूलाई विस्तार गर्दै सीधा सारा संसारसँग सम्पर्क गर्न सकियोस - यहि मेरो नागोयाप्रतिको चाहना हो।




ओसामु हायाशीको

修

## प्रोफाइल

जन्म र बसोबास नागोया। टोकियो विश्वविद्यालयको कानून संकायबाट स्नातक। तोशिन हाई-स्कूल र तोशिन उपग्रह प्रिपरेटरी-स्कूलमा आधुनिक भाषा व्याख्याता। तोशिन हाई स्कूलमा प्रख्यात लाइन "इच्चु यारुका? ईमादेश्यो!" (तपाईले कहिले गर्नुहुन्छ? अब समय आइपुगेको छ!") ले २०१३ U-CAN नयाँ शब्द र बजवर्ड पुरस्कार प्राप्त गरेको छ। हाल, च्युकियो टिभी डिजिटल ४ मा प्रसारित हुने नागोया शहर जानकारी कार्यक्रम, नागोयादेश्यो!, मा देखा पर्दछ।

# मास्टर-प्लान सम्बन्धि



## शहर सरकार द्वारा संचालित एक प्राथमिक योजना

नागोया शहर मास्टर-प्लान हाम्रो शहरको लागि दीर्घकालीन परिकल्पना हो जसले शहर सरकारको विस्तृत र व्यवस्थित व्यवस्थापनलाई सुनिश्चित गर्नेछ। मास्टर-प्लान एउटा योजना हो जसले नागोयाको भविष्यलाई कार्यान्वयन गर्न र हाम्रो परिकल्पनाहरुलाई प्राप्त गर्नको लागि आवश्यक कार्यहरूको रूपरेखा दिन्छ।

**नागोया शहर मास्टर-प्लान २०२३** ले २०३० सम्ममा हाम्रो शहरले २० औं एसियन गेम्सको आयोजन गरिसकेपछि र शिनागावा (टोकियो) देखि नागोया बीचको चुओ शिन्कान्शेन (म्याग्लेभ) लाईन खुलिसकेपछि - नागोया शहर कस्तो हुनेछ भन्ने कल्पना गर्दछ। मास्टर-प्लानले पांच वर्ष (२०१९ देखि २०२३) भित्र कार्यान्वयन गर्नुपर्ने कार्यहरु र प्रोजेक्टहरूको सूची संकलित गर्दछ।

**नागोया शहर मूल योजना**

शहर सरकार प्रबंधन
को मार्गदर्शक दर्शनशाष्त्र





### शहरी योजनाको लागि दीर्घकालीन दृष्टिकोण

२०३० को **लागि शहरी योजना** दृष्टिकोण, **नागोया शहरको लागि पाँच दृष्टिकोण, भविष्य शहरी संरचना, चार रणनीतिक फोकस, र शहर सरकार पहलको** वर्णन गरिएको छ।


### नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू र परियोजनाहरू

हामी "शहरी योजनाको लागि दीर्घकालीन दृष्टिकोण" मा संकेत गरी नागोया शहरका लागि पाँचवटा दृष्टिकोण प्राप्त गर्न नीतिमा आधारित **४५ वटा उपाय र ५३० परियोजनाहरु**मा काम गर्नै छौं।



नागोयाको वर्तमान अवस्थालाई मापदा हामी यसको शहरी योजनाको दृष्टिकोण र नागोयाको भविष्यको रूपरेखा प्रस्तुत गर्दछौं।

# नागोयाको वर्तमान र भविष्य






# नागोयाको विशेषताहरु

## सुविधाजनक,<br>सहज र बस्ने-योग्य ठाउँ

नागोयाको मेट्रोपोलिटन पूर्वाधार र कार्यहरू उन्नत छन्, र शहरमा फराकिलो सडक, पार्क, र सहज वातावरण छ। एउटा बाँच्न-मिल्ने शहर, नागोया, ले व्यापक चिकित्सा-सेवाहरू र सार्वजनिक यातायात लगायतका बस्ने सुविधा र आराम प्रदान गर्दछ।






## जापानको बीचमा विनिमयको एक केन्द्र

जापानको मध्य-भाग नजिकै अवस्थित नागोयामा शिन्कानसेन र अन्य रेलवे, एक्सप्रेसवे, एयरपोर्टहरू र बन्दरगाहहरू हुनुका साथै यो एक विस्तृत क्षेत्र यातायात र वितरण नेटवर्कको केन्द्र हो। चुओ शिन्कानसेन म्याग्लेभ लाइन खुले पछि शहर को स्थानिय समृद्धिलाई थप बढाउने आशा छ।

## आर्थिक बल

यो क्षेत्र मोटर-वाहन, विमान, रोबोटिक र मेशिन उपकरणमा विश्व-स्तरीय औद्योगिक प्रविधिको घर हो। थप रूपमा, यस क्षेत्रमा स्थिर अर्थव्यवस्था द्वारा समर्थित स्थिर रोजगारी का साथै व्यवसायिक र सेवा उद्योगहरू भारी मात्रामा छन् जो ठूला शहरहरूको लागि अद्बितीय हो।







# नागोया वरिपरिका सामाजिक चलनहरु



### जन्मदरको घट्दो क्रम र वृद्धावस्थाको बढोत्तरीका कारण जनसांख्यिकीय परिवर्तन

जनसंख्याको पूर्वानुमान अनुसार नागोयाको जनसंख्या २०२३ मा घट्न थाल्छ किनभने जन्मदर भन्दा मृत्युदरक संख्या बढ्न थाल्नेछ। समाजमा कार्यरतहरु को संख्या घट्ने र वृद्धहरुको जनसंख्या बढ्ने अनुमान गरिएको छ।




### सिद्धान्तहरू र जीवनशैलीको विविधीकरण

सिद्धान्तहरु र जीवनशैलीको विविधीकरणको साथ परिवार र पारिवारिक संरचना, जस्तै एकल-व्यक्ति परिवार र

एक-अर्कासंगको कुराकानी गर्ने तरिकामा परिवर्तन आउँदैछ। यसबाहेक, विगतका वर्षहरूमा विदेशी नागरिकहरूको संख्यामा उल्लेखनिय वृद्धि भएको छ।

**नागोयाको वैध जनसंख्यामा परिवर्तन र त्यसको अनुमान**




स्रोत: आईची प्रिफेक्चर पोपुलेशन ट्रेन्ड सर्वे रिज़ल्ट; नागोया स्टेटिस्टिक्स वेब वर्जन
नागोया सिटी एस्टीमेटबाट गरिएको अनुमानहरु (अक्टोबर १, २०१८ सम्म)

### प्राकृतिक प्रकोपको बारेमा चिन्ता

आउने ३० वर्ष भित्र नाङ्काई ट्रफमा एउटा ठूलो भूकम्प आउने ७०-८० प्रतिशत सम्भावना छ।

यसबाहेक, हालका वर्षहरूमा मुसलधारे वर्षाको आवृत्ति बढेको छ।

### बढ्दो गैरआवासीय जनसंख्या

नागोया भ्रमण गर्ने आन्तरिक र विदेशी पर्यटकको संख्या बढ्दै छ। विशेष गरी, भूमण्डलीकरणको प्रगतिका कारण विदेशी पर्यटकको संख्यामा उल्लेखनीय वृद्धि भएको छ।

### औद्योगिक क्षेत्र वरपरको वातावरण मा परिवर्तन

आईओटी, एआई, रोबोट, र सेल्फ ड्राइविंग कारहरू सहित टेक्नोलोजिकल नवप्रवर्तन विकासको कारण औद्योगिक क्षेत्र वरपरको वातावरण द्रुत रूपमा बदलिदै छ।

जन्मदरको घट्दो क्रमले गर्दा भविष्यमा कामदारहरुको अभावका बारे चिन्ताहरू पनि छन्।

# शहरी योजना नीति

**शहरी योजना एम्भिज़निंग २०३० को लागि समग्र दृष्टिकोण शहरी योजना नीतिमा संकलित छ।**



शहरका स्थानिय गर्वहरुलाई झल्काउँदै नागोयालाई आकर्षक विश्वव्यापी गन्तव्यको रूपमा स्थापना गर्दै

म्याग्लेभ युगमा नागोयालाई प्रमुख शहरको रूपमा स्थापना गर्दै

## नयाँ युगको लागि उज्जवल

# नागोयाको भविष्य अग्रणीय ग्लोबल



विश्वव्यापी पर्यटक आकर्षणको स्थापना गर्नको लागि नागोया क्यासलको काठको टावरलाई मरम्मत गरिंदै र नागोया क्यासलमा तोकिएको विशेष राष्ट्रीय ऐतिहासिक साइटमा जापानको सबैभन्दा प्रामाणिक आधुनिक गढीको सिर्जना

दिगो विकास लक्ष्य प्राप्त गरेर दिगो भविष्यको सिर्जना गर्दै एक दिगो विकास लक्ष्य प्रेरित भविष्यको शहरको सिर्जना गर्दै



जीवन र उद्योगलाई प्रमुख प्राकृतिक प्रकोपहरुबाट सुरक्षित गर्नका लागि सुरक्षा र दैनिक जीवनमा आश्वासन

नागोयालाई एशिया र विश्वमा अन्तर्राष्ट्रिय विनिमयको केन्द्रको रूपमा स्थापित गर्न निम्ति एशियाका देशहरूसँगको गाढा सम्बन्धले स्थापित गर्दै

नयाँ मुल्यांकनको सिर्जना गर्न र दिगो आर्थिक वृद्धि हासिल गर्नको निम्ति व्यक्ति, वस्तु, पूँजी र जानकारीहरु आकर्षित गर्दै

ग्रेटर नागोया क्षेत्रमा मुख्य कार्यहरू स्थापना गरेर वृद्धिलाई बढावा दिदै

# भविष्य सिर्जना गर्दै! तर्फ एक शहर को रूप मा



नागोयाको शक्तिलाई अधिकतम गर्दै

नागोयालाई बढ्दो परिवारहरूको लागि जापानमा उत्तम शहर बनाउँदै!
वृद्ध व्यक्तिहरुको लागि पनि विश्वसनीय, प्रयोग गर्न सजिलो कल्याण-प्रणाली प्राप्त गर्दै



# नागोयाका लागि हाम्रो ५ परिकल्पनाहरू

**शहरी योजना नीतिको आधारमा,
नागोया शहरको लागि भविष्यको परिकल्पनाहरुलाई
निम्न पाँच वस्तुहरूमा व्यक्त गरिएको छ।**




## परिकल्पना 1

**एउटा शहर जहाँ मानवाधिकारलाई सम्मान गरिन्छ र सबैले सन्तोषजनक जीवनशैलीको आनन्द लिन सक्छन र साथै समाजमा सक्रिय रूपमा भाग लिन सक्दछन्**

- एक शहर जहाँ मानवाधिकारलाई सम्मान गरिन्छ र सबैले सन्तोषजनक जीवन बिताउन सक्दछन्
- एक शहर जहाँ बुढेसकाल र अशक्त मानिसहरू लगायत सबैजना स्वतन्त्र जीवन चिन्तामुक्त भई बाँच्न सक्दछन्
- एक शहर जहाँ विविध प्रकारका व्यक्तिहरूले आफ्नो छनौट गरेको जीवन शैली बिताउन सक्दछन्

## परिकल्पना 2

**एउटा शहर जहाँ बच्चाहरूलाई चिन्तामुक्त भई हुर्काउन सकिन्छ र बच्चा र युवाहरुले आफ्नो क्षमता पूरा गर्न सक्छन्**

- एक शहर जहाँ चिन्तामुक्त भई बच्चा जन्माउनु र हुर्काउनु सकिन्छ
- एक मुस्कानले भरिएको शहर शहर, जहाँ बच्चाहरू स्वस्थ र खुशी हुर्किन सक्छन
- एक शहर जहाँ युवाहरू आफ्नो उज्ज्वल भविष्यको सिर्जना तर्फ सक्रिय हुन सक्छन्

## परिकल्पना 3

**एउटा शहर जहाँ व्यक्तिहरू एक अर्कालाई समर्थन गर्दछन्, र यो जानेर सुरक्षित अनुभूत गर्दछन कि उनीहरूको शहर कुनै पनि प्राकृतिक प्रकोपको लागि पूर्ण रूपमा तयार छ**

- एक शहर जुन भूकम्प र मुसलधारे वर्षा लगायतका प्राकृतिक प्रकोपहरूका लागि पूर्ण रूपमा तयार छ
- एक शहर जहाँ आगो, अपराध, र ट्राफिक दुर्घटनाहरू सम्भव भएसम्म रोक्न सकिन्छ
- एक शहर जहाँ बासिन्दाहरूले सुरक्षित जीवनशैलीको मज्जा लिन सक्छन्




## परिकल्पना 4

**एउटा शहरी वातावरण जहाँ सबैजना प्राकृतिक सद्भावनामा रमाउंदै बस्न मिल्छ**

- एक सुविधाजनक, बस्ने-योग्य शहरी वातावरण भएको शहर
- एक दैनिक रमाईलो प्राकृतिक वातावरणको परिदृश्यको हुने शहर
- एक रिसाइक्लिंग उन्मुख अर्थव्यवस्था भएको शहर, जो वातावरण-मैत्री र कार्बन-नियन्त्रित पनि छ

## परिकल्पना 5

**एक मनमोहक र जीवन्त ग्लोबल शहर जसले दुनिया-भरि बाट व्यक्ति र व्यवसाय लाई आकर्षित गर्दछ**

- एक मजबूत ब्रान्ड र नागरिकको बलियो गर्व भएको शहर
- एक पहुँचयोग्य, विश्वव्यापी शहर जसले दुनिया-भरि बाट व्यक्ति र व्यवसायलाई आकर्षित गर्दछ
- एक शहर जसले क्षेत्रीय उद्योगलाई वृद्धि गर्दै उच्च स्तरको औद्योगिक प्रतिस्पर्धात्मकता सुनिश्चित गर्दछ

# मास्टर-प्लान बनाउने प्रक्रिया

**नागोया शहर मास्टर-प्लान २०२३ नागोयाका नागरिकहरूको सहयोगमा तयार पारिएको थियो।**

| | | |
|---|---|---|
| **वित्तीय वर्ष 2017** | **जुलाई देखि अगस्त सम्म** | २०,००० नागरिकको सर्वेक्षण |
| | **नोभेम्बर** | काम र स्कूलको जाने हरुको सर्वेक्षण |
| | **जनवरी** | विदेशीहरूको विचार सुन्दै |
| | **फेब्रुअरी** | बच्चाहरूको विचार सुन्दै 1 |
| | **फेब्रुअरी** | लैङ्गिक समानता र महिला सशक्तीकरण प्रति प्रतिबद्ध कम्पनीहरूमा काम गर्ने कर्मचारीहरूबाट विचार सुन्दै |
| | **मार्च** | युवाहरु (विद्यार्थी) को विचार सुन्दै |
| | **मार्च** | सरकार द्वारा तोकिएका शहरका निवासीहरूको सर्वेक्षण, आदि |
| **वित्तीय वर्ष 2018** | **अगस्त** | अन्तरिम योजनाको प्रकाशन |
| | **अगस्त देखि डिसेम्बर सम्म** | अन्तरिम योजनाको सम्बन्धमा जनताको विचार चाहदै |
| | **सेप्टेम्बर देखि अक्टोबर सम्म** | बाल-बच्चाहरु भएका परिवारहरुको विचार सुन्दै 2 |
| | **अक्टोबर देखि नोभेम्बर सम्म** | युवाहरूको विचार सुन्दै “U39 Future Session@758” 3 |
| | **अक्टोबर देखि डिसेम्बर सम्म** | शहर-बैठक 4 |
| | **नोभेम्बर देखि डिसेम्बर सम्म** | “HAMAgree” भन्ने एउटा ठुलो मात्राको विचार-संग्रह प्रणाली को प्रयोग गर्दै प्रमुख अनलाइन बहस (नागोया इन्स्टिच्युट अफ टेक्नोलोजीसँगको सहकार्यमा एक सामाजिक प्रयोग) |
| | **डिसेम्बर** | विदेशीहरूको विचार सुन्दै |
| | **जनवरी** | अर्को नागोया शहर मास्टर-प्लानको तयारी नागरिकहरूको कार्यशाला 5 |
| **वित्तीय वर्ष 2019** | **जुलाई** | नागोया शहर मास्टर-प्लान २०२३ को प्रकाशन (ड्राफ्ट) |
| | **जुलाई** | सार्वजनिक टिप्पणी |
| | **सेप्टेम्बर** | "नागोया शहर मास्टर प्लान २०२23 को गठनको बारेमा"  (परिवर्तनको साथ पारित हुने) सेप्टेम्बरमा, नागोया शहर-काउन्सिलको बैठकमा निर्णय गरियो। |
| | **अक्टुबर** | नागोया शहर मास्टर-प्लान २०२३ को प्रकाशन |


1


2


3


4


5



नागोयाका पाँचवटा परिकल्पनाहरूलाई प्राप्त गर्न र नागरिक सेवाहरूको प्रबर्द्धन गर्न निम्ति ४५ वटा उपायहरू लागू गरिएका छन्।

नागोयाको नागरिक र सरकारको सहकार्यले भविष्यको योजनाहरू संचालित हुन्छन।

हामी नागोयाको परिकल्पनाहरू सम्बन्धि विभिन्न क्षेत्रहरू आदिमा भाग लिइरहेका नागोयाबासीको गतिविधिहरूको परिचय दिन्छौं।

# नागोयाको परिकल्पनाहरू प्राप्त गर्दै



* वभिागहरू, स्थति, आदि अन्तर्वार्ताको समयका हुन्।


परिकल्पना 1

# एउटा शहर जहाँ मानवाधिकारलाई सम्मान गरिन्छ र सबैले सन्तोषजनक जीवनशैलीको आनन्द लिन सक्छन र साथै समाजमा सक्रिय रूपमा भाग लिन सक्दछन्

## जीवनमा उद्देश्य को एउटा अपुरणीय भावना

**- कृपया हामीलाई नागोया शहरको सिनियर सिटिजेन्स क्लब एशोशिएशनको बारेमा बताउनुहोस्।**

सिटी ऑफ नागोया सिनियर सिटिजन क्लब एशोशिशनमा १,२८१ क्लब जसमा ५६००० भन्दा बढी सदस्याहरु (जनवरी २०, २०२० सम्ममा) छन् | लक्ष्य भनेको "समुदायको लागि लामो र स्वस्थ रहनुहोस्" भन्ने नाराका साथ स्वस्थ, पूर्ति गर्ने जीवन र समुदायको विकासलाई प्रबर्द्धन गर्नु हो। छिमेकको परिचित अनुहारहरूको जमघट, सिनियर सिटिजन क्लबहरू, को लागि सदस्यहरूको घर पैदल दूरीमा अवस्थित हुनु र सजिलो र बारम्बार संलग्नतालाई सहजीकरण गर्नु महत्वपूर्ण हो। अन्य सदस्यहरूसँग हिंड्न, व्यायाम गर्न, ग्राउन्ड गोल्फ खेल्न, पार्क सफा गर्न, र साथीहरूसँगका अन्य गतिविधिहरू गर्न, र कहिलेकाँही यात्रा गर्न रमाईलो हुन्छ।यसबाहेक, स्थानीय अनुभवी बृद्ध व्यक्तिहरू समुदायसँग परिचित स्थानीय गतिविधिहरूमा योगदान गर्न सक्षम छन्।



**लामो र स्वस्थ जीवनको रहस्य भनेको वरिष्ठ नागरिकहरूको क्लब हो,**
**जसले समाजमा महत्त्वपूर्ण भूमिका खेल्दछ।**

**योशिताका सामिजो**

अध्यक्ष
नागोया शहर
सिनियर सिटिजेन्स क्लब एशोशिएशन
(पब्लिक ईण्टरेस्ट इङ्कोर्पोरेटेड एशोशिएशन )

सिटी ऑफ नागोया सिनियर सिटिजन क्लब एशोशिशनमा १,२८१ क्लब जसमा ५६००० भन्दा बढी सदस्याहरु छन् | लक्ष्य भनेको "समुदायको लागि लामो र स्वस्थ रहनुहोस्" भन्ने नाराका साथ स्वस्थ, पूर्ति गर्ने जीवन र समुदायको विकासलाई प्रबर्द्धन गर्नु हो। छिमेकको परिचित अनुहारहरूको जमघट, सिनियर सिटिजन क्लबहरू, को लागि सदस्यहरूको घर पैदल दूरीमा अवस्थित हुनु र सजिलो र बारम्बार संलग्नतालाई सहजीकरण गर्नु महत्वपूर्ण हो। अन्य सदस्यहरूसँग हिंड्न, व्यायाम गर्न, ग्राउन्ड गोल्फ खेल्न, पार्क सफा गर्न, र साथीहरूसँगका अन्य गतिविधिहरू गर्न, र कहिलेकाँही यात्रा गर्न रमाईलो हुन्छ।यसबाहेक, स्थानीय अनुभवी बृद्ध व्यक्तिहरू समुदायसँग परिचित स्थानीय गतिविधिहरूमा योगदान गर्न सक्षम छन्।

यो पूर्तिको भावना वरिष्ठहरु को लागी मूल्यवान छ। जोसिला वरिष्ठ व्यक्तिहरूसँग एक शहर साँच्चै एक जीवन्त शहर हो।


# समुदायमा अवस्थित
# वरिष्ठ नागरिकको क्लबहरूको भूमिका।

**- तपाईंले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

जब तपाईंको उमेर बढ्दै जान्छ, तपाईंमा भएको क्षमताहरू घट्दै जादा, तपाईं आफ्नो जीवनमा असुविधा महसुस गर्नुहुन्छ। हामी त्यहि पुस्ताका व्यक्तिहरूको भावना र अवस्था भुझेर त्यहि ठाउँमा आउँदछौं।यो भन्नु महत्वपूर्ण छ कि, "सँगै रमाईलो गरौं" र एक अर्काको विचारशील बनौ।

सिनियर सिटिजन क्लबको बारेमा के राम्रो छ भने वहाहरू जुन क्षेत्रमा सदस्य बन्नुहुन्छ, मित्रता मार्फत सदस्यहरूलाई एकजुट गर्नुहुन्छ, र विभिन्न स्थानीय समस्याहरूको समाधान गर्नुहुन्छ। मलाई लाग्छ कि डोटहरूको सट्टा लाइनहरूको जडान गर्न सक्षम हुनु सिनियर सिटिजन क्लबको ठूलो कुरा हो, र म यसको प्रचार जारी राख्न चाहन्छु। यसको गतिविधिहरू र आकर्षणहरू अझ परिचित बनाउन, नागोया सिनियर सिटिजन क्लब एशोशिशनलाई "नागोयाका ('छिमेकी') क्लब नागोया" उपनाम दिइएको छ। सदस्यहरू र गैर-सदस्यहरूको विचार सुन्दा, हामी एक सिनियर सिटिजन क्लब बन्न प्रयास गर्दछौं जसले आफूलाई अरूबाट अलग पार्छ र जापानको वरिपरिको ध्यान आकर्षण गर्दछ।

.





किता लाईफ़-लोङ्ग शिक्षण केन्द्र व्यायामशालामा शारीरिक स्वास्थ्य परीक्षण

स्तम्भ

## बोक्किया, सबैको लागि!

बोक्किया पेरा-ओलम्पिकको एउटा आधिकारिक खेल हो जसको उद्देश्य ६ वटा रातो र ६ वटा नीलो बलहरुलाइ ठोक्दै, गुड़काउँदै र अन्य बलहरुलाई पछाड़दै सेतो बल, जसलाई ज्याक पनि भनिन्छ, को सकभर नजिक ल्याउनु हो। असक्षमता होस्-नहोस्, बच्चादेखि वरिष्ठसम्म जस्लेपनि बोक्किया खेलको मजा लिन सक्दछ, तर शीर्ष एथलीटहरुको विस्तृत रणनीति र सटीक फाल्ने कौशलले दर्शकहरुलाई अचम्म पार्न सक्दछ।



जापान बोकिया एसोसिएशनको फोटो सौजन्य

## नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू

१. भेदभाव र पूर्वाग्रह मुक्त समाजको सिर्जना गर्नु जहाँ व्यक्तिगत मानव अधिकारको सम्मान गरिन्छ
२. लिङ्ग -समान समाजको व्यापक पदोन्नति
३. जीवनभर मानसिक र शारीरिक स्वस्थता प्राप्त गर्न सहयोग प्रदान गर्दै
४. त्यस्तो प्रणाली बनाउने जहाँ सबैले उचित चिकित्सा स्याहार पाउन सक्छन्
५. वृद्ध मानिसहरु परिपूर्ण जीवनशैलीको नेतृत्व गर्न सक्दछन् भन्ने कुराको लागि समर्थन प्रदान गर्दै
६. बुढेसकालमा चिन्तामुक्त जीवनको मजा लिने कुरामा समर्थन प्रदान गर्दै
७. प्रत्येकले नर्सिंग हेरचाह प्राप्त गर्न सक्ने ग्यारेन्टी गर्न सहयोग प्रदान गर्दै
८. अक्षम व्यक्तिलाई स्वतन्त्र, चिन्तामुक्त जीवनशैलीको लागि सक्षम गर्न समर्थन प्रदान गर्दै
९. सबैले एक परिपक्व काम जीवनको मजा लिन रोजगार समर्थन प्रदान गर्न सुनिश्चित गर्ने
१०. जीवनभर शिक्षा र खेलहरू मार्फत अधिक पुरस्कृत जीवन शैली सुनिश्चित गर्न समर्थन प्रदान गर्दै

SUSTAINABLE DEVELOPMENT GOALS

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| नागरिकको प्रतिशत जसले सोच्दछन् कि आधारभूत मानव अधिकारलाई समाजमा सम्मान गरिन्छ | 69.5% (वित्तीय वर्ष २०१८) | 72% | 75% |
| बुढा मानिसहरूका प्रतिशत जसलाई सहयोगको खाँचो पर्दा कोही छिमेकी वा क्षेत्र हुन्छ | 63.7% (वित्तीय वर्ष २०१८) | 70% | 75% |

परिकल्पना 2

# एउटा शहर जहाँ बच्चाहरूलाई चिन्तामुक्त भई हुर्काउन सकिन्छ र बच्चा र युवाहरुले आफ्नो क्षमता पूरा गर्न सक्छन्



## बच्चाहरू र वयस्कहरू बीच साझेदारीमा समर्थन गर्दै वर्तमान र भविष्यमा सँगै बढ्नको लागि सम्बन्ध निर्माण गर्दै


**तोमोको ओनो**

कोदोमो एन पी ओं निगम
निर्देशक
नोन-प्रोफिट ओर्गेनाईजेशन


## प्रत्येक बच्चा अधिकारको अधीनमा छ

**- कृपया हामीलाई कोदोमो एन पी ओं को बारेमा बताउनुहोस्।**

बच्चाको बाँच्ने, हुर्काउने, सुरक्षित गर्ने, र बाल अधिकार सम्मेलन अन्तर्गत भाग लिने अधिकारहरूको संयुक्त राष्ट्र संघको साधारण सभाले नोभेम्बर १९८९ मा अपनाएको अधिकारको साथ कोदोमो एन.पी.ओ ले बच्चालाहरूई समाजमा भाग लिनको लागि अवसरहरू र अवसरको सिर्जना गर्न बालबालिका र वयस्कहरूको लागि दिगो समाज निर्माण गर्न विभिन्न प्रकारका व्यवसायहरू सञ्चालन गर्दछ। हाम्रो लक्ष्य यस्तो समाजको निर्माण गर्ने हो जहाँ बच्चाहरूले आफ्नो बर्तमान र भविष्यको बारे आफुलाई रुचि रहेका खेल, अध्ययन, खाना, र स्थान सम्बन्धि गतिविधिहरू मार्फत सोच्न सक्छन्। हालसालैका वर्षहरूमा, जब बाल-गरीबी एउटा सामाजिक समस्या बनेर उभ्रिएको छ, हामी बच्चा र वयस्कहरूको साथ उनीहरूको सामर्थ्यको समर्थनको लागि समूहको रूपमा काम गरेका छौं। नागोया-शहर बाल तथा बाल हेरचाह सहायता केन्द्र (७५८ किड्स स्टेशन) जहाँ म काम गर्छु, त्यहाँ ० देखि २ वर्षका साना बच्चाहरू आफ्नो अभिभावकहरूसंग आऊँछन्।

म प्राय: लेक्चर मार्फत के व्यक्त गर्छु भने



बाल देखभाल द्वारपाल ७५८ किड्स स्टेशन मा स्थित



केटाकेटीहरूको पनि मानव अधिकार हुन्छ|बाल अधिकारको सम्मेलनमा र नागोया बाल अध्यादेशमा भनिए अनुसार, बच्चाहरुको हेरचाहको समर्थन को लागी महत्वपूर्ण छ कि आमाबाबुले बच्चालाई हुर्काउन सजिलो बनाउनको लागि मात्र नभएर नागोयामा बच्चाहरूलाई हुर्किनको लागि सजिलो बनाउन पनि हो। तर जब शिशुहरू अधिकारको अधीनमा हुन्छन्, तिनीहरूलाई विशेष सुरक्षा चाहिन्छ|बच्चाहरूले आफ्ना भावनाहरू बोलेर भन्दा पनि रोएर अनि हाँस्दै व्यक्त गर्छन्; यो विचारको अभिव्यक्ति हो जुन सहभागितामा डोऱ्याउँछ। समर्थकहरूसँग बच्चाहरूको विकासको ज्ञान र बच्चाहरूले के व्यक्त गर्न चाहन्छन् को साथसाथ उनीहरूको भावनाहरू पनि बुझ्नुपर्दछ।

## एक साथ भविष्य सिर्जना गर्ने अधिकार

**- तपाईंले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

जीवनकालको जग निर्माणको लागि प्रारम्भिक बाल्यकाल महत्वपूर्ण अवधि हो। हामीलाई विश्वास छ कि त्यस समय बच्चाहरूसँग अधिक संलग्न हुने आमा-बुबालाई सहयोग पुऱ्याउनु महत्त्वपूर्ण छ र तिनीहरुको मानसिक विकासको लागि हाम्रो प्रयत्न जारी छ। हाम्रो समाजमा जन्म दर घट्ने क्रममा पनि, बच्चा-स्याहार सुविधाहरूको स्थापनामा वृद्धि हुँदैछ जसले गर्दा प्रत्येक संस्थापना र अवस्थित भेला हुने ठाउँहरूमा प्रयोगकर्ताहरूको संख्या बिच्छेद र कम हुँदैछ। विगतमा, बच्चा-सहितका परिवारहरु प्राय: एक अर्कालाई भेट्न जान्थे, तर अचेल उनीहरू आफ्ना बच्चाहरूले अर्काको घर गएर केहि गडबडी गरेमा के गर्ने भनेर चिन्तित देखिन्छन्। हामी समस्याहरूको समाधानको लागि तुरुन्त अनलाइन खोजी गर्न सक्ने युगमा छौं, तर हामी आफैंले निर्णय लिन सक्ने क्षमता हुनुपर्दछ र जानकारीबाट प्रभावित हुनुहुँदैन। अझैपनि अभिभावकहरु एक्लै तनावमा नरहनकोलागि, एक अर्कासँग कुरा गर्ने अवसर र ठाउँहरूको सिर्जना गर्न आवश्यक छ। यस समयमा, जहाँ सामाजिक अवस्था हरेक क्षणमा परिवर्तन हुन्छ, हामी आशा गर्छौं कि निर्णय-गर्ने क्षमता र बुद्धिमत्ता प्रदान गर्ने सक्षम बनौं ताकि तपाईं आफ्नो बच्चाहरुलाई सरक्षित र आश्वाषित भई र अधिक जानकारीले नअलमल्लिकन हुर्काउन सक्नुहोस्।

यसबाहेक, बच्चा र वयस्कहरूलाई आफ्नो भविष्यको सिर्जना एक अर्का सँगै गर्ने अधिकार छ। सबैले यसमा आफ्नो भूमिका खेल्न सक्छन्। हामी बच्चा र वयस्कहरू बीच साझेदारीलाई प्रोत्साहित गरेर त्यस्ता सम्बन्धहरू निर्माण गर्न चाहन्छौं।

स्तम्भ

### संसार तिरको मूल ढोका

स्कूलमा सिकेका अनुभवहरूका लागि अवसर सिर्जना गर्दै युवा समाजमा सक्रिय भूमिका खेल्न र सक्षम युवा प्रतिभालाई प्रोत्साहित गर्नको निम्ति, स्कूल मा सिकेका कुराहरुको प्रत्यक्ष अनुभव को लागी जुलाई २०१९ मा नागोया शहर शिक्षा केन्द्र भित्र ग्लोबल शिक्षा केन्द्र खोलिएको थियो। यो एउटा नयाँ सुविधा हो जहाँ विदेशी विश्वविद्यालयका प्राध्यापकहरू र अंग्रेजी शिविरहरूको पाठ्यक्रम सहित देशी वक्ताहरूसँगको आदानप्रदान गर्दै नागोयाका बच्चाहरूले विश्वव्यापी समाजको अनुभव गर्न सक्दछन्।



विदेशी विश्वविद्यालयका प्राध्यापकहरूले दिएका लेक्चरहरू

**नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू**

११. आमाबाबुले बच्चा जन्माउन र मानसिक शान्तिको साथ बच्चा हुर्काउन सक्ने वातावरणको सृजना गर्ने
१२. बच्चाहरू स्वस्थ र सुखी छन् भन्ने सुनिश्चित गर्न बच्चाहरू र परिवारहरूलाई सहयोग प्रदान गर्ने
१३. बच्चाहरूलाई दुरुपयोग र बदमाशबाट जोगाउँदै, स्कूल इन्कार रोक्न
१४. प्रत्येक बच्चाको व्यक्तित्वको कदर गर्दै र उनीहरूले विस्तृत शैक्षिक सीप, आत्माको समृद्धि, र स्वस्थ शरीरहरू प्राप्त गरेको सुनिश्चित गर्ने
१५. युवा पुस्ताले सिक्न, बढ्न, र समाजमा सक्रिय हुन सक्ने सहरको निर्माण गर्ने

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| नागरिकको प्रतिशत जसलाई लाग्छ कि नागोयामा बच्चाहरू हुर्काउन सजिलो छ | 79.8% (वित्तीय वर्ष २०१८) | 83% | 86% |
| प्रतिशत बच्चाहरू जसले आँफुलाईनै मन पराउँछन् | 81.0% (वित्तीय वर्ष २०१८) | 83% | 86% |

परिकल्पना 3

# एउटा शहर जहाँ व्यक्तिहरू एक अर्कालाई समर्थन गर्दछन्, र यो जानेर सुरक्षित अनुभूत गर्दछन कि उनीहरूको शहर कुनै पनि प्राकृतिक प्रकोपको लागि पूर्ण रूपमा तयार छ

## क्षेत्रीय प्रकोप रोकथामको केन्द्रको रक्षा गर्न निम्ति जोडिंदै

**- कृपया हामीलाई वोल्युण्टियर फायर विभागको गतिविधिंहरूको बारेमा बताउनुहोस्**

**माएदा जी:** कोसाका वोल्युण्टियर फायर विभाग (मिदोरी वार्ड) २० सदस्यको साथ अप्रिल २००६ मा शुरू भयो। हाल, त्यहाँ १९ पुरुषहरू छन्, र म एक मात्र महिला हुँ र विभागको प्रमुख पनि हुँ। नियमित गतिविधिहरु मध्ये महिना मा दुई पटक बैठक, प्रशिक्षण, र स्कूलको जिल्लाको वरिपरि आगोको रोकथामलाई प्रमोट गर्न शामिल छन्।

**वाकाजोनो जी:** नागोया शहर विश्वविद्यालय छात्र वोल्युण्टियर फायर विभाग हाल ८ शाखाहरु मिलेर बनेको छ। म सम्बन्धित भएको नानजान विश्वविद्यालय शाखाको लक्ष्यहरू क्षेत्रको प्रकोप रोक्न क्षमताहरू क्षेत्रको प्रकोप रोकथाम क्षमताहरूको सुधार अनि सार्वजनिक सम्बन्ध कायम गर्नु हुन्। हामी अग्निशामक उपकरणको संचालन र बच्चाहरूको लागि प्रकोप तत्परता क्विजको बारेमा मार्गदर्शन प्रदान गर्दै प्रकोप अभ्यास र चाडहरूमा भाग लिएर स्थानीयहरूसँग अन्तर्क्रिया गर्दछौं।

**माएदा जी:** म पीटीए अफिसरको सम्पर्क मार्फत विभागमा सामेल भएँ, र अहिले पनि मलाई लाग्छ कि मानिसहरूसँगको सम्बन्ध महत्त्वपूर्ण हुन्छ। शाखा प्रमुख बनेदेखि हामीले हामीले छिमेकी वोल्युण्टियर फायर विभागहरूसँग सम्बन्ध विकासमा महत्त्व राखेका छौं र संयुक्त प्रशिक्षण र फेलोशिप कार्यक्रमहरू आयोजना गर्दछौं। त्यस्ता जडानहरूले आपतकालमा आपसी सहयोगको भावना जगाउँछन्। आगोको दृश्यमा, एउटा स्कूलको जिल्लामा एक वोल्युण्टियर फायर विभागले पूर्ण प्रतिक्रिया दिन सक्षम हुँदैन। यस्तो अवस्थामा, छिमेकी वोल्युण्टियर फायर विभागहरूको समर्थन धेरै उत्साहजनक हुन्छ। मलाई लाग्छ कि यो फराकिलो जडानहरूको हुनु महत्त्वपूर्ण हुन्छ।

**वाकाजोनो जी**: सबै भन्दा सन्तोषजनक कुरा भनेको स्थानीय



**एक वोल्युण्टियर फायर-विभाग बन्नु जसले दैनिक संघियताहरुलाई मूल्य दिन्छ र प्रकोप रोकथामलाई थप सुलभ बनाउँदछ।**

**मिचिको माएदा**
(बाँया) नागोया शहर
कोसाका वोल्युण्टियर फायर विभाग
प्रमुख

**तकुमी वाकाजोनो**
(दायाँ) नागोया शहर विश्वविद्यालय छात्र
वोल्युण्टियर फायर विभाग
नानजान विश्वविद्यालय शाखा



मिदोरी वार्ड वोल्युण्टियर फायर विभाग समीक्षामा
एक साथ पानी डिस्चार्ज कार्यान्वयन



बासिन्दाबाट प्रशंसाको शब्द सुन्नु हो। यसले मलाई अर्को पटक सक्दो गर्न प्रोत्साहित गर्दछ, र यो सोच्दा कि समुदायले हाम्रो पनि केहि उपयोग गरेको छ ले पनि मेरो विश्वास बढाउँदछ। मलाई लाग्छ कि वोल्युण्टियर फायर विभागको अर्को अपील विभिन्न पुस्ताका मानिसहरूसँग कुराकानी गर्न सक्ने नै हो।

## समुदाय संग परिचित एक टीम

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

**माएदा जी:** हाम्रो लक्ष्य मध्ये एउटा हाम्रो ज्ञान र अनुभव लाई बाँढ्नु हो। वोल्युण्टियर फायर विभाग विभिन्न व्यवसायिक क्षेत्र र विभिन्न विशेषताहरू बोकेका व्यक्तिहरू मिलेर बनेको हो। प्रत्येक सदस्यको ज्ञान र अनुभवको साझेदारीले हामी ति कामहरु सजिलै संग गर्न सक्दछौं जुन एक्लै सक्देनौं।

**वाकाजोनो जी:** मेरो लक्ष्य भनेको मैले वोल्युण्टियर फायर विभागमा प्राप्त गरेको ज्ञान र सीपहरूलाई मा समाजको सदस्य भएपछिपनि विभिन्न परिस्थितिहरुमा उपयोग गर्नु हो। प्रकोप र आगलागी रोक्न र कारबाही लिन, घर होस् वा कार्यस्थल, खतराहरू निर्धारित गर्न सक्षम हुन चाहनुहुन्छ। साथै, म मेरो परिवार, साथीहरू, र सहयोगीहरूलाई प्रकोप रोक्नको महत्त्वको बारेमा कुरा गर्न चाहन्छु, र ज्ञान विस्तार गर्न चाहन्छु।

**माएदा जी:** स्थानीय अग्निशमन र प्रकोप रोकथाम गतिविधिहरूको माध्यमबाट, मैले आगो र दुर्घटना-विहीन नागोयाको भविष्यको लागि आशा गरेको हो जहाँ सबैजना सहजै बस्न सक्षम हुनेछन्। त्यसका लागि, म आशा गर्दछु कि समुदाय हाम्रो वोल्युण्टियर फायर विभागसँग बढी परिचित हुनेछ ताकि हामी आफ्नो गृहनगरलाई बचाउन सक्नेछौं।

**वाकाजोनो जी:** नागोयाको भविष्यको लागि म आशा गर्दछु कि एक समुदायको रूपमा एक साथ विपत्ती रोकथाममा काम गर्नेछौं। र म यो पनि चाहान्छु कि नागोया यस्तो शहर बनोस् जहाँ सबै मानिसलाई मनको शान्ति होस्।

स्तम्भ

### तयारी आफ्नो खुट्टा मा

भूकम्प वा अन्य प्रकोपले गर्दा पानीको आपूर्ति बिग्रिएमा नागोयामा २०० भन्दा बढी आपतकालिन पानी आपूर्ति सुविधा रहेको छ। थप रूपमा, सबै नगरपालिका प्राथमिक र कनिष्ठ हाई स्कूलहरूमा भूमिगत पानी हाइड्रान्टले सुसज्जित छन् जुन स्थानीय बासिन्दाहरूले आपतकालमा सञ्चालन गर्न सक्दछन् (अपरेसनको लागि आवश्यक उपकरणहरू स्कूलको आपतकालीन आपूर्ति स्टोरहाउस, आदिमा भण्डार गरिएको छ) आपतकालिन समयका लागि तयार रहनुहोस् - आपतकालीन पानी आपूर्ति सुविधा र तपाईंको नजिक भूमिगत हाइड्रेन्टहरूको स्थानहरू जाँच गर्नुहोस्।



भूमिगत हाइड्रन्ट
(नल सम्म पुग्नको लागि म्यानहोल कभर खोल्नुहोस्)



नानजान विश्वविद्यालय शाखा र चुक्यो विश्वविद्यालय शाखा को लागी शैक्षिक प्रशिक्षण



**नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू**

१६. शहरी पूर्वाधार स्तरवृद्धिलाई प्रवर्धन गर्दै नागोयालाई प्रकोप अवस्थामा बढी लचिलो बनाउन
१७. प्रकोप तत्परता र प्रकोप न्यूनीकरण उपायहरू कार्यान्वयनका साथै क्षेत्रीय प्रकोप-तयारी क्षमता सुधार गर्न सहयोग प्रदान गर्ने
१८. बासिन्दाहरूको जीवनको रक्षा गर्न फायर विभागको सेवाहरू बढाउने र बढावा दिने
१९. कुनै अपराध र यातायात दुर्घटना बिनाको एक सुरक्षित क्षेत्र को निर्माण
२०. सरसफाई-युक्त वातावरणको सुनिश्चितता
२१. सफा, सुरक्षित र स्वादिलो ट्याप-वाटर को स्थिर-रुपले वितरण
२२. खाद्य सुरक्षा र विश्वसनीयताका साथै स्थिर, उत्तम उपभोक्ता जीवन शैलीको सुनिश्चितता

SUSTAINABLE DEVELOPMENT GOALS

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| नागोया प्रकोप-प्रतिरोधी छ भन्ने मान्यता राख्ने मान्छेहरुको प्रतिशत | 51.8% (वित्तीय वर्ष २०१८) | 55% | 65% |
| ११९ मा आएको कल बाट अस्पताल भर्ना गरिने औसत समय | 31.3 मनिट (२०१८) | 30 मनिट वा कम (२०२३) | 30 मनिट वा कम (२०३०) |

परिकल्पना 4

# एउटा शहरी वातावरण जहाँ सबैजना प्राकृतिक सद्भावनामा रमाउंदै बस्न मिल्छ


## बहुमूल्य जीवनलाइ बाँडदै

**- कृपया हामीलाई नागोया बायो-डाइवरसिटि संरक्षण गतिविधि परिषदको बारेमा बताउनुहोस्।**

नागोया बायो-डाइवरसिटि संरक्षण गतिविधि परिषद एक संगठन हो जुन २०११ मा नागोयाको प्राकृतिक वातावरण संरक्षणको लागि नागोया र उनीहरूको वातावरणमा बस्ने तथा बढ्ने जीवहरूको निरन्तर सर्वेक्षण गरी गैर-मूल प्रजातिहरूको नियन्त्रण गरी स्थापना गरिएको हो। नागरिकहरू, विज्ञहरू, र सरकारले तेम्पाकु वार्डको नागोया बायो-डाइवरसिटि केन्द्रमा आधारित गतिविधिहरूमा सहयोग पुर्‍याउँछन्।

नागोयामा, शहरीकरणको प्रगति हुने क्रममा आक्रमणकारी प्रजातिहरूको विकासका कारण बायो-डाइवरसिटि गुमेको छ। यद्यपि, क्षेत्रका लागि अनौंठो जीवहरू सहित अझैपनि लगभग ६००० प्रजातिहरू नागोयाको हरियो क्षेत्र, जलाशय, र पूर्वी पहाडका नदीहरूमा पाइन्छन्। हामी नागरिकहरूसंग यस अवस्थाको साझेदारी गर्नको निम्ति नागोया नागरिक जीव अन्वेषक, नागोया जीव अनुसंधान, नागोया बायो-डाइवरसिटि समर स्कूल, र अन्य गतिविधिहरूको माध्यमबाट काम गरिरहेका छौं। विभिन्न जीवहरूको साथ अन्तर्क्रिया प्रदान गर्ने समर स्कूल बच्चाहरूमा लोकप्रिय छ। शहरका विभिन्न स्थानहरूमा जीवहरूको अन्वेषण गर्दा, जब हामी कुनै दुर्लभ प्रजातिहरूको बासस्थानको पुष्टि गर्न सक्छौं,

जब हामी कुनै नयाँ कुरा पत्ता लगाउँछौं, वा जब हामी हाम्रो संरक्षण प्रयासहरूमा निरन्तर नतिजा देख्न सक्छौं, मलाई प्रशन्नता को अनुभूति हुन्छ। बायो-डाइवरसिटिलाई आकर्षक र बुझ्ने तरिकामा व्यक्त गर्नु महत्त्वपूर्ण र आवश्यक छ ताकि धेरै मानिसहरू जीवित प्राणीहरूमा चाँसो लिन र हाम्रो प्रयासमा हामीसँग सम्मिलित हुन सकुन्।





नागोया बायो-डाइवरसिटि समर स्कूलमा प्राथमिक र कनिष्ठ उच्च विद्यार्थीहरुको लागि शिक्षण समितिका सदस्यहरू

## प्राकृतिक वातावरण संग जोडिएको आनन्द

**- तपाईंले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

आईची टार्गेट्स, सीओपी १० (COP10) द्वारा अपनाईएको वैश्विक बायो-डाइवरसिटि लक्ष्यहरू, का लागि २०२० लक्षित वर्ष हो। युनाइटेड नेशन्स डेकेड ओन् बायो-डाइवरसिटि रिले फर् द फ्युचर भनिने एउटा देशव्यापी कार्यक्रमको आयोजना गरिदै छ। यो अवसरलाई एक प्रमुख माइलस्टोनको रूपमा चिह्नित गर्दै, काउन्सिलले विगत १० बर्षलाई ध्यान दिइरहेको छ र आउँदो १० बर्षको लागि आफ्नो दृष्टिकोण रेखाचित्र गरीरहेको छ। म चाहन्छु कि नागोया बायो-डाइवरसिटिको क्षेत्रमा विश्वको अगुवाई गरोस्, जसको लागि नागरिक र व्यवसायीहरूको अझै बढी चाँसो चाहिन्छ। नागरिकहरूको ध्यान र चाँसोलाई आकर्षित गर्नको लागि, हाम्रो काउन्सिलले विद्यमान इकोसिस्टमलाई संरक्षण गर्नुको साथै र उनीहरूसँग कुराकानी गर्ने अवसरहरू प्रदान गर्न प्रयास गर्न चाहन्छ।

जहाँ शहरहरूको प्राकृतिक वातावरण कृत्रिम हुँदै गइरहेको छ, त्यहीं धेरै स्थानीय ईकोसिस्टम केवल सातोयामा (हिमाली गाउँहरू) मा मात्र नभई मन्दिर र पवित्र स्थलहरुको जंगलमा पनि छन्। नागोया एक प्राकृतिक शहर बन्नको लागि, हामी नागरिकहरूसँग परिचित हुन चाहन्छौं ताकि उनीहरू यी ईकोसिस्टमसँग अन्तर्क्रिया गर्न सक्छन् र जीवित चीजहरू र प्राकृतिक वातावरणसँगको सम्बन्धको आनन्द लिनको लागि संवेदनशीलता र ज्ञानको विकास गर्न सक्छन्।



स्तम्भ

### नागोयामा माउन्ट फुजी!?

के तपाईंलाई माउन्ट फुजी स्लाईड भन्ने खेल मैदानको उपकरण को बारे थाहा छ? लगभग ५० वर्ष अघि नागोया शहरको कर्मचारी द्वारा डिजाइन गरिएको यो उपकरण यहि शहरमा उत्पत्ति भएर अहिले शहरभरि अनि तोकाइ क्षेत्रमा स्थापना गरिएको छ। यो उपकरण विभिन्न रंग, र आकारहरूमा आउँछ, तर तल तिर फैलिएको आकार लोकप्रिय छ र यो जापानको प्रसिद्ध पहाडको छवि संगसंगै पार्कको प्रतीक हुन पुगिसकेछ। आउने बिदामा तपाईंको नजिकैको पार्कमा "माउन्ट फुजी" चढ्न जाने होइन?



पहिलो माउंट फुजी स्लाइड १९६६ मा स्थापित (शोवा वार्ड, नागोयामा फुकिआगे पार्क)

### नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू

२३. गुणस्तरीय हावा र पानीका साथ आरामदायी बस्ने वातावरण सुनिश्चित गर्दै
२४. प्राकृतिक स्थानहरू र कृषिलाई परिचित र प्रयोग-योग्य बनाउने वातावरणको सिर्जना गर्दै
२५. एउटा मजबूत सार्वजनिक यातायात नेटवर्कको वरिपरि निर्मित एक रमाईलो, आरामदायक शहर सिर्जना गर्नको लागि शहरी योजना कार्यान्वयन गर्दै
२६. गुणस्तरको शहरी पूर्वाधारले आवासीय शहरी जिल्लाहरूको निर्माण गर्दै
२७. पैदल यात्रीहरू र साइकल चालकहरूको लागि एउटा सुरक्षित र प्रयोग गर्न सजिलो सडक यातायात वातावरण सुनिश्चित गर्दै
२८. सार्वभौमिक डिजाइनलाई शहरी योजनासंग एकीकृत गर्दै
२९. सुरक्षित र आरामदायक आवास र जीवनशैली प्राप्त गर्ने र विभिन्न आवश्यकताहरूको पूरा गर्नको लागि दिगो राख्ने
३०. बासिन्दा र व्यवसायहरूलाई वातावरण-सचेत गतिविधिहरूमा संलग्न हुन प्रोत्साहित गर्दै
३१. कम-कार्बन भएको शहरको सिर्जनालाई बढावा दिदै
३२. तीन-आर् (3R) मा आध्धारित एउटा रिसाइक्लिंग-केन्द्रित शहरको सिर्जना गर्दै

SUSTAINABLE DEVELOPMENT GOALS 2 3 4 6 7 8 9 10 11 12 13 14 15 17

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| सार्वजनिक यातायात सुविधाजनक र प्रयोग गर्न सजिलो छ भन्ने नागरिकहरूको प्रतिशत | 81.6% (वित्तीय वर्ष २०१८) | 83% | 85% |
| उत्पन्न गरिएको फोहोर र पुन: प्रयोज्य वस्तुहरुको कुल मात्रा | 888,000 टन (वित्तीय वर्ष २०१८) | 880,000 टन | 870,000 टन |

परिकल्पना 5

# एक मनमोहक र जीवन्त ग्लोबल शहर जसले दुनिया-भरि बाट व्यक्ति र व्यवसाय लाई आकर्षित गर्दछ

## व्यक्ति र संस्कृतिलाई अनौपचारिक रुपमा मिलाउने ठाउँ

**- कृपया हामीलाई ग्लोकल नागोयाको बारेमा बताउनुहोस्।**

एउटा बहुसांस्कृतिक सहजीवी समाजको सिर्जना गर्ने व्यवसायको उद्देश्यको रूपमा, हामी एउटा यात्रिहरुको लागि अंग्रेजी कुराकानी भन्ने अंग्रेजी कुराकानी गर्ने क्लास चलाउँछौं, एक आवास सुविधा ग्लोकल नागोया ब्याकप्याकर्स छात्रावास, र रेस्टुरेन्ट ग्लोकल काफे र किसा मार्निंग। उद्देश्य भनेको यस्तो स्थान सिर्जना गर्नु हो जहाँ व्यक्ति र संस्कृतिको जडान गर्न सकियोस् र नागोयामा वैश्विक र स्थानीय सम्पर्कको आधार प्रदान गरेर स्थानीय सांस्कृतिक आदानप्रदान हुन सक्छ।

उदाहरणका लागि, ब्याकप्याकर छात्रावासले विदेशीहरूको लागि केवल आवास मात्रै नभई दुवै होस्टल (दोस्रो तल्ला) र ग्लोकल क्याफे (पहिलो तला) हो। होस्टलमा बस्नु नपर्ने स्थानीयहरू सहजै क्याफेमा जान सक्छन्। हाम्रो अंग्रेजी बोल्ने कर्मचारीहरुले मध्यस्थता र संचार गर्नमा समर्थन गर्छन्। अनौपचारिक र प्राकृतिक विनिमयका लागि, यात्रुहरूले भन्न सक्दछन्, "आज मा यहाँ गएको थिएँ" जबकि स्थानीय मानिसहरूले जवाफ दिन सक्छन्, "तपाई यो ठाउँ पनि गएर हेर्नुहोस्"। केही व्यक्तिहरू यति राम्रोसँग घुल्मिल्छन कि उनीहरू आफ्नो देश फर्किए पछि पनि पत्राचार गरिरहन्छन् भने कसैको लागि यो भेट उनीहरूको लागि जापानमा अध्ययनको लागि प्रेरणा बन्छ।



**ग्लोबल र स्थानीय जडान गर्नको निम्ति नागोयाका श्रोतहरूको प्रयोग गर्दै**

**मासायुकी इचिनो**

प्रतिनिधि

ग्लोकल नागोया



## एउटा सहर जसले भिन्नतालाई सम्मान गर्दछ र सबै प्रकारका मानिसहरूलाई स्वीकार गर्दछ

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

मलाई लाग्छ कि विदेशी संस्कृतिहरूसँग अन्तर्क्रिया गर्ने अवसरहरू नागोयामा हालमा बढिरहेका छन्। कोनविनियंस स्टोरमा यसको उदाहरण देखिन्छ। शहरमा धेरै विदेशीहरू काम गरिरहेका छन्, तर मलाई लाग्छ उनीहरूसँग अझैपनि थोरै आदानप्रदान र संलग्नता भइरहेको छैन। हामी हाम्रो गतिविधिहरू शहरमा अधिक पुगोस् भन्ने चाहन्छौं। हामी मानव संसाधन विकासलाई शुरु गर्न र अनौपचारिक क्रस-सांस्कृतिक विनिमयको लागि ठाउँ र प्रणालीको विकास गर्ने आशा गर्दछौं। २०१९ को मे महिनामा खोलिएको किसा मोर्निंगको उद्देश्य भनेको केवल एक स्थान भित्रका विविधतालाई आदर गर्ने (ग्लोकल क्याफे र छात्रावास) नभई एउटा यस्तो पसल मा परिणत हुनु हो जुन अरु कोलाबोरेशनहरु संग मिलेर शहर भरि विस्तार हुन्छ। किस्सा बिहानमा स्थानीय र समयको बहावमा विभिन्न सिद्धान्तहरूको आदानप्रदान हुन्छ। हामी यस्तो स्थान बन्न चाहन्छौं जहाँ सबै प्रकारका मानिस - युवा र बुढा, पुरुष र महिला, जापानी र विदेशी, र स्थानीय र पर्यटक - आफ्नो आवश्यकता अनुसार आराम गर्न सक्छन्।

हाम्रो सबै व्यवसायहरूको माध्यमबाट, हामी मान्छेहरूको विविध सिद्धान्त र पृष्ठभूमिलाई आदर गर्दछौं। सधैं खुला दिमाग हुनु र प्रत्येक व्यक्तिलाई हाम्रो ध्यान दिनु महत्त्वपूर्ण कुरा हो भन्ने हामीलाई विश्वास छ। हामी आशावादी छौं कि नागोया एक अन्तर्राष्ट्रिय शहर बन्ने छ जहाँ बहुसांस्कृतिक सहअस्तित्वका लागि अग्रसरताहरु हुनेछन् र जहाँ मतभेदको सम्मान गरिन्छ र सबै प्रकारका मानिसहरु स्वीकार्य हुन्छन्। हामीलाई आशा छ कि हामीसँग सम्बद्ध व्यक्तिहरू, निवासीहरू र नागोयाका आगन्तुकहरू सहित सबैजनाले नागोयालाई रमाईलो र आकर्षक शहर भेट्टाउनेछन्।



लामो-अवधि छात्रावास अतिथिहरूको लागि एक विदाई पार्टी

स्तम्भ

### गाव्यियेका ढुंगाका पर्खालहरु

मुख्यतया नागोया क्यासल टावरको ढुंगाका भित्ताको बेसमा हिगोनोकुनी (हाल कुमामोतो प्रान्त) का सामन्त प्रभु र ढुंगाको पर्खालको निर्माता कातो कियोमासाका रिटेनरहरूको हस्ताक्षरहरू कुँदिएका छन्। एउटा प्रमुख हस्ताक्षर उत्तरपूर्वी कुना (फुमेइमोन गेटबाट होम्मारू बाहिर निस्केपछि तुरुन्त बाँया) मा ढुंगाको पर्खालको बेसमा अवस्थित छ र तलबाट पाँचौं कुनाको ढुंगामा लेखिएको छ, "कातो, हिगो प्रान्तको गभर्नर; रिटेनर, शोदाई शिमोउसा"। कुँदिएका वस्तुहरूको खोजीमा रमाईलो गर्नुहोस्!



कुनाको ढुंगामा "कातो, हिगो प्रान्तको गभर्नर; रेटेनर, शोदाई शिमोउसा" ले गाव्यिएको छ।

### नागोयाको लागि हाम्रो दृष्टिकोण प्राप्त गर्नका लागि उपायहरू

३३. कुनै पनि ठूलो ग्लोबल शहरको बराबरको तहमा मानिस बिचको कुराकानी सिर्जना गर्न शहर केन्द्र कार्यक्षमता र वर्धित कार्यक्षमतालाई बढावा दिदै
३४. एउटा शहरको सिर्जना गर्दै जुन विश्वको बाँकी भागका लागि खुला हुन्छ
३५. पोर्ट र वाटरफ्रन्ट क्षेत्रहरूको अपीललाई बढावा दिंदै
३६. अधिक आकर्षक शहरी परिदृश्यको सिर्जना गर्दै
३७. ईतिहास, संस्कृति र कलाको अपील बढाउँदै र नागोयाको जनतालाई आफ्नो अपील अरूसँग बाँड्न प्रोत्साहित गर्दछ
३८. पर्यटन र माइस् ईवेण्ट संगसंगै जानकारीको सञ्चार मार्फत आदानप्रदानलाई प्रोत्साहित गर्दै
३९. शहरको अपील र उर्जा बढाउन खेलको प्रयोग
४०. क्षेत्रीय उद्योगहरूको गठन र उनीहरूको क्रियाकलापलाई समर्थन गर्न सहयोग
४१. उद्योगहरुलाई बढावा दिदै नयाँ मुल्य सिर्जना गर्छ र औद्योगिक विनिमय लाई प्रोत्साहन गर्छ

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| पर्यटक सन्तुष्टि | 78.2% (२०१७) | 90% (२०२३ ) | 90% र त्यस भन्दा अधिक (२०३० ) |
| सकल महानगर उत्पादन प्रति दिवा-समय कामदार (मिलियन येन) | 9.087 (वित्तीय वर्ष २०१६) | 9.70 (वित्तीय वर्ष २०२१) | 11.00 (वित्तीय वर्ष २०२८) |

# बासिन्दाहरूको लागि सेवाहरू विस्तार गर्दै

## जापानलाई गर्वमय गराउंदै जनताको बन्दरगाह शहर



**- कृपया हामीलाई पोर्ट टाउनको संयुक्त समिति बारे बताउनुहोस्।**

पोर्ट टाउनको संयुक्त समितिले नागोया पोर्ट क्षेत्रमा समुदाय र स्थानीय सरकारको सहयोगमा सामुदायिक विकास गतिविधिहरू सञ्चालन गर्दछ। "नागोया पोर्ट शहर र यसका मानिसहरू" को अवधारणाको साथ, हामी एउटा जनताको पोर्ट शहरका लागि प्रयास गर्दछौं जुन हामी नागोया र जापानभरि गर्व गर्न सक्छौं। प्रकोप तत्परता, चाइल्डकेयर, सामुदायिक बगैचा, शहर जीवन्तिकरण, कला कार्यक्रमहरू, र "प्रत्यक्ष, एकत्र, र सिर्जनात्मक" विषयवस्तुको आधारमा अन्य रचनात्मक परियोजनाहरू समाहित गर्दै हामी विभिन्न व्यवसायहरूको संचालन गर्दछौं।
जनतालाई भेट्न, उनीहरूका कथाहरू सुन्न र प्रश्नमा परेका साइटहरूलाई ध्यानपूर्वक हेर्नको निम्ति शहर वरिपरि घुम्नु महत्त्वपूर्ण छ। २०१६ देखि, पीपल्स पोर्ट टाउन प्लानिंग आर्काइब प्रोजेक्ट, यस शहरको भविष्य बारे सोच्न को लागी पोर्ट टाउनका मानिसहरुको अन्तर्वार्ताको माध्यम बाट परियोजना, को रुपमा पोर्ट शहरका बासिन्दाहरूले व्यक्तिगत खाताहरूको संग्रहको हामी प्रदर्शनी आयोजना गर्दैछौं। जब हामी शहर वरिपरि हिंड्छौं र देखेको र सुनेको कुराहरुको लिखित रेकर्ड बनाउँदछौं, एउटो नदेखीएको परिदृश्य देखा पर्दछ। दैनिक सामानहरूले हामीलाई बन्दरगाह शहरको इतिहास प्रतिबिम्बित गर्दछ, अनमोल युद्ध कालको कथाहरू सुनाउदछ, र इसे बे टाइफूनको प्रत्यक्ष विवरणहरूबाट प्रकोप रोक्नको बारेमा सिखाउंदछ। जडा र अतीतका कथाहरूले शहरको भविष्यका बारे सोच्नको लागि सुराग प्रदान गर्दछ। मान्छेहरुका उदासीन सम्झनाहरुले हामीलाई शहर को भविष्य को एक छवि देखाउंछ।
मलाई लाग्छ शहरी योजनाको कुञ्जी भनेको मानसि र समाजबीचको सम्बन्धलाई पुनर्नर्िमाण गर्नु हो, मानसिहरूलाई आँफु र समाजसँग पुन: जडान गर्नु हो। व्यक्तहिरुसँगको कुराकानी र व्यवहार गर्नु कष्टकर हुन सक्छ, तर हामीले हार मान्नु हुँदैन। एउटा अपूरणीय धन अझै अघछि।

## कार्यान्वयनको दिशामा पहिलो कदम चाल्नु महत्त्वपूर्ण हो

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

मानसि र समाज बीचको सम्बन्ध पुनर्स्थापति भए पछहिुने परविर्तनहरूलाई मूर्त रूप दनिु मेरो आकांक्षा हो। शहरी योजनाको लागि गम्भीरतापूर्वक काम गर्दा मेरो आफ्नै वकिास हुन्छ। यसको वपिरति, आफ्नो जीवनमा गम्भीर व्यक्तलिे समाज परविर्तन गर्नमा महत्त्वपूर्ण भूमकिा खेल्छन्। म भवषि्यमा यी धेरै व्यक्तलिाई भेट्ने आशा गर्दछु। हामी आशा गर्दछौं कि त्यस्ता व्यक्तहिरू एक साथ आउने हब बन्न सकौं।
मैले पहलिो पटक शहरी योजनाको बारे थाहा पाएको ग्रेजुएट वद्यिार्थी हुँदा हो। आइची एक्सपोले प्रदान गरेको अवसरको फाइदा लदिै पुनरुद्धार खोजीको क्षेत्रलाई सहयोग गर्ने



"मिनातोमाची भिजन बुक" लाई संशोधन गर्ने कार्यशालामा जसले पोर्ट टाउनको संयुक्त समितिको मध्य-देखि-दीर्घकालीन दृष्टिलाई रूपरेखा दिन्छ



# आधुनिक शहरी योजनाले मानिस र समाजबीचको सम्बन्धलाई पुनर्निर्माण गर्दछ

**केइइचि फुरुहाशी**


सहायक निर्देशक
पोर्ट टाउन को संयुक्त समिति



स्तम्भ

## इतिहास जान्नेहरू

हालको नागोया शहर हल (मुख्य सरकारी भवन) १९९३ मा सम्पन्न भयो र २०१४ मा राष्ट्रिय रूपमा महत्त्वपूर्ण सांस्कृतिक सम्पत्तीको रूपमा तोकियो।समाप्तिको समय एक धनी वातावरण मध्य सीढीहरूमा शान्त हरियो प्रकाशको साथ भित्र रहन्छ,केन्द्रीय कोरिडोर भित्तामा सिरेमिक टाइल्स आरामदायक रंगहरूको साथ,र लहराती गिलास सतहहरूको साथमा झ्यालहरू। नेशनल डाइट भवन जस्तो मार्बल समान प्रवेश द्वार हल र केन्द्रीय सिंढी सुशोभित गर्दछ जहाँ तपाईं नजिकबाट निरीक्षण गर्दा जीवाश्महरू पाउन सक्नुहुन्छ।



नागोया शहर हल मुख्य सरकारी भवन

वशि्ववदि्यालय परयिोजनाले मलाई यसतर्फ़ खचि्यिो।म जवान, अपरपिक्व, र केहि गिर्न असमर्थ भएपनि तिक्षेत्रहरुमा मैले मौका पाएँ। म मा शक्तकिो एउटा अनौठो वृद्धथियिो। सबैले एउटा भूमकिा खेल्नु पर्ने हुन्छ। युवावस्थामा मेरो समृद्ध शहरी योजना अनुभवले मेरो जीवनलाई समर्थन गर्दछ। प्रत्येक व्यक्तलि आफु सामेल हुने एउटा शहर फेला पार्छ जस्तो मलाई लाग्दछ। शहरी वकिास साँच्चै मनमोहक छ। त्यो अनुभूतअिहलि पनत्यिस्तै छ। यदतिपाईं आफ्नो जीवनको हेरचाह गर्न चाहनुहुन्छ भने तपाईंको समर्थन गर्ने मानसि र समाजका लागसिोच्न र कार्य गर्नु स्वाभावकि हो। म सबैसँग मलिर शहरी योजनालाई जारी राख्ने आशा गर्दछु।

## सार्वजनिक सेवाहरूको प्रबर्द्धनका लागि उपायहरू


४२. निवासीहरूको लागि शहरका सेवाहरू सुधार गर्दै
४३. बासिन्दाहरूलाई जानकारी सञ्चार र जारी गर्दै व्यक्तिगत जानकारी को सुरक्षा को अतिरिक्त
४४. क्षेत्र-केन्द्रित शहरी योजना कार्यान्वयन गर्दै
४५. सार्वजनिक सुविधाहरूको समुचित मर्मत र व्यवस्थापनको सुनिश्चितता र शहरका सम्पत्तिहरूको प्रभावकारी उपयोग

SUSTAINABLE DEVELOPMENT GOALS 9 11 12 13 17

| कुञ्जी प्रदर्शन सूचकहरू | पछिल्लो हालको मान | लक्षित मूल्य वित्तीय वर्ष २०२३ | लक्ष्य मान वित्तीय वर्ष २०३० |
|---|---|---|---|
| सन्तुष्ट भएका नागरिकहरूको प्रतिशत प्रदान गरिएको सेवा सहित वार्ड कार्यालय / शाखा मा | 97.1% (वत्तिीय वर्ष २०१८) | 100% | 100% |
| समुदायको विकास स्थानीय समुदायले सक्रियतापूर्वक सञ्चालन गरेको सोच्ने नागरिकहरूको प्रतिशत | 30.3% (वत्तिीय वर्ष २०१८) | 40% | 60% |

# यो नागोयाको

## हामी नागोयामा शहरी योजनाको भविष्यका




च्युओ शिङ्कान्सेन म्याग्लेभ लाइन (शिनागावा र नागोया बीच) २०२७ मा शुरु हुने तालिका छ। जापानको अद्वितीय सुपरकन्डक्टिङ्ग मैग्नेटिक लेभिटेशन टेक्नोलोजीले नागोया र टोक्यो लाई ४० मिनेटमा जोड्ने र टोकियो महानगर क्षेत्रसंगको आदानप्रदानलाई सक्रिय गर्ने अपेक्षा गरिएको छ। यसबाहेक, सम्पूर्ण लाइन खोलेपछि, टोकियो, नागोया र ओसाका करीव एक घण्टामा जडान हुनेछ र विश्वकै सबैभन्दा ठूलो जनसंख्या, ७ करोड, भएको एउटा सुपर मेगा-क्षेत्र को निर्माण गर्नेछ। एउटा केन्द्रीय शहरको रूपमा, आर्थिक शक्ति र भौगोलिक लाभ सहित नागोयाले यसको अधिकतम शक्तिको लाभ पाउनेछ, सफ्टवेयर र हार्डवेयर दुबैमा सक्रिय रूपमा लगानी गर्दछ र नागोया स्टेशन को एउटा सुपर टर्मिनलमा रूपान्तरण हुनेछ। हामी दुनियाभरीको मानिसहरूलाई आकर्षित गर्ने अन्तर्राष्ट्रिय शहर बन्ने लक्ष्य राख्छौं।



# चम्किने मौका हो!

## लागि दुई मुख्य परियोजनाहरू प्रस्ताव गर्दछौं।

### २० औं एशियाली खेलहरू




२० औं एशियन खेल २०२६ मा आइची प्रान्त र नागोया शहरमा आयोजना हुने भएको छ। एशियाको सबैभन्दा ठूलो खेल उत्सव, यी "एशियाई ओलम्पिक" ३२ बर्षमा पहिलो पटक जापानमा आयोजना हुनेछ। करीव १५ लाख दर्शकहरू बाहेक लगभग १५,००० एथलीटहरू, ट्रेनरहरु, र प्रशिक्षकहरूले टुर्नामेन्टको बेला क्षेत्रको भ्रमण गर्ने अनुमान गरिएको छ। नागोया शहरले एशियाई खेललाई विश्वसंग आफ्नो अपील साझा गर्ने सुनौलो अवसरको रूपमा हेरिरहेको छ र साथै यो सुनिश्चित गर्न चाहन्छ कि एशियाली खेलका सकारात्मक प्रभावहरू टूर्नामेंट समाप्त भए पछि लामो समयसम्म जारी रहनेछ। यस खेलबाटको ऊर्जाले खेल गतिविधिहरूलाई बढावा दिन धेरै क्षेत्रहरूमा प्रयोग, गैर-आवासीय जनसंख्याको विस्तार, अन्तर्राष्ट्रिय विनिमयको प्रवर्धन, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बढाउने, र एक सामंजस्यपूर्ण समाज निर्माण गर्नेछ।




# हाम्रो जीवन र भविष्य
# संसारका समस्याहरूसँग जोडिएका छन्।

SUSTAINABLE
DEVELOPMENT
GOALS




## दिगो विकास लक्ष्य (एस.डी.जी) को बारेमा



सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्र सस्टेनेबल विकास शिखर सम्मेलनमा दिगो विकास एजेन्डाको हिस्साको रूपमा, दिगो विकास लक्ष्यहरू (एस.डी.जी) विश्वभरका देशहरूका लागि सार्वभौमिक लक्ष्यहरू हुन्। २०३० सम्म प्राप्त गर्नुपर्ने लक्ष्यहरूको रूपमा स्थापना गरिएको १७ एस.डी.जी हरू र १६९ लक्ष्यहरूले शिक्षा, आर्थिक वृद्धि र जलवायु परिवर्तनलगायतका क्षेत्रहरूको विस्तृत श्रृंखलालाई समेट्छन्।

## एउटो एस.डी.जी फ्यूचरसिटीको रूपमा, नागोयाले दिगो भविष्यको लागि बाटो खोल्दछ!

जुलाई २०१९ मा, नागोयालाई राष्ट्रिय सरकारले "एस.डी.जी फ्युचरसिटी" मध्ये एकको रूपमा चयन गरेको थियो (शहरहरू जसले एस.डी.जी हरू प्राप्त गर्ने दिशामा उत्कृष्ट पहल सुझाव दिन्छ)।

मास्टर प्लानको प्रगति मार्फत, हामी दिगो शहरी योजनालाई पछ्याउन, हामी नागरिकहरू, कम्पनीहरू, एन.पी.ओ हरू र अन्य एजेन्टहरूसँग मिलेर दिगो शहरी योजनाको अनुसरण गर्न सहयोग गर्छौं जसले एस.डी.जी हरूको उपलब्धिलाई आरम्भ गर्छ र जसमा अर्थतन्त्र, समाज र वातावरणमा कोही पछाडि रहदैन।



एस.डी.जी फ्युचरसिटी चयन प्रमाणपत्रका लागि प्रस्तुति समारोह।
(बीचमा चित्रित: नागोया शहरका डिप्टी मेयर होरिबा ; तोयोहाशी सिटी, आइची प्रान्तमा लिइएको तस्विर)



नागोयाको परिकल्पना प्राप्त गर्नका लागि
चार प्राथमिक रणनीतिहरू
'रणनीतिक फोकसको' रूपमा
संकलित छन्।

हामी शहरका अधिकारीहरुको गतिविधिहरु बारे
परिचय दिन्छौं जसले प्रत्येक रणनीतिहरुलाई
अगाडि बढाउन दैनिक प्रयास गर्छन्।

# रणनीतिक फोकसहरू



* विभागहरू, स्थिति, आदि अन्तर्वार्ताको समयका हुन्।

रणनीति 1

# नागोयाको आउँदो पुस्ताको पालनपोषणको लागि बच्चाहरू र अभिभावकलाई बृहत समर्थन

## विशेषज्ञहरूको टीमले तिब्र समर्थन प्रदान गर्दछ

**- कृपया हामीलाई नागोया बाल अधिवक्ता समितिको बारेमा बताउनुहोस्।**

**कावागिशीजी:** २०१४ मा सुरू भएको नागोया बाल अधिवक्ता समिति स्कूलका सल्लाहकारहरू, सामाजिक स्कूलका कार्यकर्ताहरू, स्कूलका सल्लाहकारहरू, र स्कूल-पुलिस सहित स्टाफ मिलेर बनेको हो। विभिन्न पेशाका कर्मचारीहरुलाई ११ वटा जुनियर उच्च विद्यालयहरूमा तोकिनुका साथै स्कूलका पूर्ण-समय सल्लाहकारहरूलाई सबै जूनियर हाई स्कूलहरूमा तोकिन्छ। विशेष ज्ञान र अनुभवको भएका स्टाफहरु एकीकृत भई विभिन्न चिन्ता बोकेका बच्चाहरू र अभिभावकहरूको लागि एउटा समर्थन प्रणालीको स्थापना गर्न सहयोग गर्दछन्।



**साकागुचीजी:** स्कूलहरूमा पूर्णकालिक पेशेवरहरूलाई नियुक्त गरेर, हामी दैनिक रूपमा बच्चाहरूसँग कुराकानी गर्न, अग्रिम रूपमा समस्याहरूलाई रोक्न, तिनीहरूलाई पहिले नै पत्ता लगाउन, र व्यक्तिगत समर्थन प्रदान गर्न सक्दछौं।

**आसाईजी:** बाल अधिवक्ता समितिको एक प्रमुख विशेषता र फाइदा भनेको बहु विज्ञहरूको एकै-टोलीको रूपमा सँगै मिलेर काम गर्नु हो। हामी बच्चाहरू



र अभिभावकहरूको लागि उत्तम वातावरण सिर्जना गर्न शिक्षकहरूसँग मिलेर काम गर्छौं।

**कावागिशीजी:** स्कूल गेटबाट बिहान स्कूल आउँदा बच्चाहरूको अभिव्यक्ति अवलोकन गर्नुको साथ् हाम्रो दिन सुरू हुन्छ। यस अनौपचारिक अभिवादनले उनीहरूको अभिव्यक्ति र उपस्थितिलाई टटोलेर समस्याग्रस्त बच्चाहरूलाई छिटो फेला पार्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

आसाईजी: टीमको बैठकहरूमा हामी सबै माझ जानकारी साझा गर्छौं र फेलापरेका मुद्दाहरु अथवा समाधान गर्न आवश्यक मुद्दाहरुको बारेमा छलफल गर्छौं।

**साकागुचीजी:** परामर्श कक्षमा बच्चाहरू र अभिभावकहरूसंग व्यक्तिगत अन्तर्वार्ताका साथै हामी घर भ्रमणहरू गर्छौं। कहिलेकाहीं स्कूलको सल्लाहकारलाई एक्लै परिस्थितिहरू सम्हाल्न गाह्रो हुन्छ, र एकल स्कूल सल्लाहकारले एक्लै गर्न सक्ने कुराहरुको सीमा छ। एउटा टीमको रूपमा कार्य गर्दा हामीलाई गुणस्तरीय गतिविधिहरूको थप समर्थन प्रदान हुन्छ।

### 1 आउँदो पुस्ताको पौष्टिक गर्दै! बच्चाहरू र युवा मानिसहरूका लागि रणनीतिको समर्थन

❶ बच्चाहरू र अभिभावकहरूको लागि व्यापक समर्थनको प्रबर्धन गर्दै
❷ बच्चाहरूको विकास र स्वस्थ बृद्धिको समर्थन गर्दै
❸ बच्चाहरूको शारीरिक शक्ति बढाउँदै र विविध शैक्षिक कौशलको प्रचार गर्दै
❹ शिक्षालाई विश्वव्यापी मानव संसाधनको पोषणमा वृद्धि गर्दै कुशल उत्पादन कर्मी, र आई.सी.टी * कौशल संग मानव संसाधन
❺ अधिक प्रभावशाली शिक्षाको समर्थन गर्न शैक्षिक वातावरणमा बृद्धि
❻ एउटा यस्तो वातावरणको सिर्जना गर्दै जहाँ युवा मानिसहरूले सिक्ने गतिविधिहरूमा भाग लिन सक्दछन्

### 2 बच्चाहरूलाई हुर्काउन अझ राम्रो वातावरणको सिर्जना गर्दै! बाल पालनपोषण समर्थन परियोजना

❶ पूर्व-गर्भावस्थादेखि बाल-पालनपोषणमा निर्बाध समर्थन
❷ काम गर्ने अभिभावकहरूको लागि राम्रोसंग बच्चाको पालनपोषणका लागि वातावरण सिर्जना गर्दै
❸ एउटा यस्तो वातावरण सिर्जना गर्दै जहाँ सम्पूर्ण समुदायले बच्चाको पालनपोषणको लागि समर्थन प्रदान गर्दछ





# बच्चाहरूलाई अग्रसर हुन सहयोग गर्दै तिनीहरूको भविष्यका पाठ्यक्रमहरूको खोजीमा

**नागोया बाल अधिवक्ता समिति**

**हिरोकी साकागुची**
(बाँया) स्कूल काउन्सलर

**आकिको कवागीशी**
(केन्द्र) स्कूल काउन्सलर

**सतोशी असी**
(दायाँ) स्कूल सामाजिक कार्यकर्ता



## सपना र आकांक्षाहरु: पूर्ण भवष्यिको लागि

**- तपाईंले प्रयास गर्न चहनुभएका केहि उपक्रमहरू वा तपाईको भविष्यका लक्ष्यहरू के हुन्?**

**कावागिसीजी:** अभिभावकले आफ्ना बच्चाहरू स्नातकभए पछि राम्रो गरिरहेछन् भनेर बताउँदा अथवा जब हाम्रो विचारहरू शिक्षकहरू सम्म पुग्दछ र हामी उनीहरूलाई सहयोग गर्न र पर्याप्त समर्थन प्रदान गर्न सक्षम हुन्छौं, तब मलाई अत्याधिक खुशी महशुश हुन्छ। यो एउटा ठूलो पुरस्कार बराबर हो। म राष्ट्रव्यापी एउटा अनुपम प्रणाली, बाल अधिवक्ता समिति, को अझ सक्रिय सदस्य हुन चाहन्छु, र म यो पनि आशा गर्दछु कि नागोयामा बच्चाहरु हरेक दिन खुशी रहुन् अनि " म भोलिको प्रतीक्षामा छु " भन्न सक्षम हुन्।

**साकागुचीजी:** बच्चाहरूसँग दैनिक रूपमा काम गर्ने क्रममा, सबैभन्दा आनन्दकारी तिनीहरुले यो बुझ्नु कि हामि उनिहरुसंग कुराकानी गर्नु निम्ति आएका हौं र केहि पनि चाहिएमा हामि सदैव कुरा गर्न तैयार छौं। यो हामीहरूले पाउनु पर्ने ठूलो इनामको कुरा हो कि उनीहरूलाई केहि पनि आवश्यक परेको खण्डमा हामी तिनीहरूसँग कुरा गर्न आएका छौं। मलाई यस्तो वातावरणको सिर्जना गर्नुको महत्त्व पनि महसुस हुँदैछ जहाँ बच्चाहरूले सजिलैसँग हामीसँग परामर्श गर्न सक्दछन्। आपतकालमा पनि, हामी त्यहाँ



पूर्ण-समय भएकाले तुरून्त प्रतिक्रिया दिन सक्दछौं किनकि छौं, र हामी शुरु देखि नै स्कूलको समर्थन गर्न सक्छौं। उनीहरुको वातावरण परिवर्तन हुन्छ जब उनीहरू प्राथमिक विद्यालयदेखि जुनियर हाईस्कूलमा अनि उच्च विद्यालयसम्म प्रगति हुन्छन् त्यसैले म नागोयालाई यस्तो शहर बनाउने आशा गर्दछु जहाँ स्कूलको काल्याकाल भरी आवश्यक समर्थन र प्रत्येक बच्चालाई कुनै रोकटोकविना प्रदान गरिने छ।

**आसाईजी:** हाम्रो काम भनेको बच्चाहरूलाई नबनेको बाटोमा आफैंले आफ्नो मार्ग बनाउनुमा सहायता पुर्याउनु मात्र हो। हामी सहायता कर्मचारी जस्तै हौं। तैपनि, हामि प्रोत्साहित हुन्छौं जब स्नातकहरू हामीसंग कुराकानी गर्नुको निम्ति आउँछन् वा जब हामी उनीहरूको प्रगति देख्छौं।म आशा गर्दछु कि जब बच्चाहरूलाई उनीहरू ठूलो भएर के हुन चाहन्छन् भनि सोधिन्छ, उनीहरुको जवाफ " स्कूलको शिक्षक " संगसंगै " बाल अधिवक्ता समितिको कर्मचारी " होस्।

.



रणनीति 2

# एउटा यस्तो शहरको सिर्जना गर्दै जहाँ सबैको हित हुन्छ र सबैलाई समाजमा सक्रिय रूपमा भाग लिन अनुमति हुन्छ

## समुदाय कल्याणको लागि परिचित ठाउँ

**- कृपया हामीलाई स्वास्थ्य र कल्याण केन्द्रमा तपाईंको कामको बारेमा बताउनुहोस्।**

**मोरीजी:** आचुता वार्डको स्वास्थ्य र कल्याण केन्द्र मा, हामी बच्चाहरु, बुजुर्गहरु, र अशक्त मानिसहरुको स्वास्थ्य लाई सहयोग र प्रबर्धन गर्दछौं। हामी आफैंलाई एक परिचित ठाउँको रूपमा स्थापित गर्ने प्रयास गर्छौं जुन वार्डवासीहरूलाई हाम्रो परामर्श सेवाहरूको सहज प्रयोगको प्रस्ताव गर्दछ।

**ओहाशीजी:** म मुख्य रूपमा मिनामी वार्डको स्वास्थ्य र कल्याण केन्द्रमा एक व्यापक सामुदायिक देखभाल प्रणालीको प्रमोशनमा संलग्न छु। बासिन्दा, सरकार, र सम्बन्धित संगठनहरू मिलेर समर्थन प्रदान गर्न र स्थानीय मुद्दाहरूको समाधानका लागि उपायहरू खोज्नका लागि काम गर्दछ।



**मोरीजी:** आचुता वार्डमा लोकोमोटिभ सिन्ड्रोम रोक्न ध्यान केन्द्रित गरिएको छ। आचुता लोकोमो रोकथाम राजदूतको रूपमा प्रशिक्षित वार्ड निवासीहरु सार्वजनिक स्वास्थ्य नर्सहरुसंग जडित भएर नागोया स्वास्थ्य व्यायाम (आचुता वार्ड मूल संस्करण) जस्ता गतिविधिहरु लाई प्रचार गर्नको लागी सहयोग र जनता लाई तिनीहरुबारे जानकारी गराउने गर्दछन्। हामी त्यहाँका बासिन्दाहरूको लागि स्वास्थ्य प्रवद्र्धन गर्न प्रयास गर्दछौं।

**ओहाशीजी:** नागोयामा मिनामी वार्डको बुढ्यौली दर सबैभन्दा बढी छ, त्यसैले हामी स्थानीयहरूसँगै व्यायामको बानीको सिर्जनालाई बढावा दिन्छौं। यसमा वार्ड निवासीहरूको समूहसँग काम गर्ने नर्सिंग हेरचाहलाई रोक्नको लागि उपायहरू समावेश छन् "लेट्स स्माइल स्क्वाड" र वरिष्ठहरूको लागि "ईकि-इकि हायाकुसाई ताईसो " व्यायाम गर्नको लागि स्थानहरू स्थापना गर्नु पनि समावेश छ। हामी वृद्ध व्यक्तिहरूलाई आवश्यक संस्थानहरूमा रेफर गर्न नेटवर्क निर्माण गर्ने लक्ष्य पनि राख्छौं जब उनीहरूले उनीहरूका समस्याहरूको बारेमा हामीसँग सल्लाह गर्छन्।

**मोरीजी:** प्रत्येक व्यक्तिको फरक समस्या वा चासो हुन्छ। यद्यपि अन्य पेशाका व्यक्तिहरू जस्तै चिकित्सा संस्था, लोक कल्याण, र बाल समितिका स्थानीय अधिकारीहरूसँग काम गरेर मानिसहरूलाई उपयुक्त सहयोगका साथ जडान गर्न गाह्रो भए पनि अन्तमा उनीहरुको मुस्कान देखेर र राम्रा शब्दहरू सुन्न पाउँदा ठूलो फाइदा भएको अनुभूति हुन्छ।

**ओहाशीजी:** समुदायलाई निश्चित तरिकाले परिवर्तन गर्न चाहने सकारात्मक व्यक्तित्व भएका व्यक्तिहरूसँग भेट गर्न पाउँदा मलाई खुशी लाग्छ। यो प्रोत्साहनजनक हुन्छ जब मैले मान्छेहरुले स्ठानिय मुद्दालाई आफ्नै दृष्टिकोणको रूपमा हेरेको, उनीहरूले यसको बारेमा के गर्न सक्छन् भनेर सोचेको, र समुदायमा योगदान पुर्‍याउन



### 1 लामो आयु र चिन्तामुक्त जीवन! स्वस्थ र चिन्तामुक्त जीवनशैलीको रणनीति

❶स्वस्थ जीवनशैली र रोकथाम चिकित्साको प्रबर्धन, स्वास्थ्य सेवामा अग्रणी अनुसन्धानको प्रचार गर्दै

❷आपतकालिन चिकित्सा सेवा प्रणाली बढाउँदै

❸डिमेन्शियामा अधिक प्रभावकारी प्रतिक्रियाहरूलाई समावेश गर्नु संगसंगै एउटा विस्तृत क्षेत्रीय केयर प्रणालीलाई बढावा र प्रमोट गर्दै

### 2 एउटा शहर जहाँ सबैजना सफल हुन सक्छन्! विविधता पदोन्नति रणनीति

❶मानव अधिकारको सम्मान र एक सहिष्णु, विविध समाजको प्राप्ति

❷विविध मानव संसाधनको उपयोगको प्रबर्धन गर्ने

❸ यस क्षेत्रका अशक्त मानिसहरूका लागि जीवनशैली समर्थन प्रदान गर्दै

❹अधिक पहुँच योग्य शहर सिर्जना गर्दै

### 3 सबैले भाग लिन सक्छन्! क्षेत्रीय समुदाय पुनरुद्धार रणनीति

❶क्षेत्रीय गतिविधिहरूलाई नयाँ सक्रिय स्थानहरू सिर्जना गर्न प्रचार र समुदायको सहभागितालाई प्रोत्साहित गर्दै

❷क्षेत्रीय समाजलाई सहयोग पुर्‍याउन समुदायका सदस्यहरूका विविध प्रकारको पोषण र समर्थन गर्दै







आसुता लोकोमो रोकथाम राजदूतहरु जसको गतिविधिहरु नागोया गकुयेन विश्वविद्यालय नागोया क्याम्पस ताइहो मा लिन्छ

प्रयास गरेको देख्दछु।

## एउटा शहर जहाँ सबै नागरिकहरू स्वस्थ हुन सक्छन् र सक्रिय रूपमा बाँच्न सक्छन्

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

**मोरीजी:** नागोयामा, हामी प्रगतिशील पहलहरूलाई प्रोत्साहित गर्दछौं, जस्तै एक-सिक्का क्यान्सर स्क्रिनिंग र खोप लागतको लागि सब्सिदिएस। हामी आशा गर्दछौं कि नागोया यस्तो सहरको रूपमा निरन्तर रहनेछ जहाँ सबैजनाले लामो र स्वस्थ जीवनको बखत सक्रिय रूपमा बस्न सक्दछन्। यहाँ यस्ता गतिविधिहरू हुन्छन् जुनजहाँ नागरिकले समुदाय, विश्वविद्यालयहरू र व्यवसायहरूको साथ सहकार्यमा नियमित रूपमा भाग लिन सक्दछन्। म त्यस्तो वातावरणको सिर्जना गर्ने आशा गर्दछु जहाँ व्यक्तिहरू एक अर्कासँग जडान गर्न सक्छन् र उनीहरूसँग कुनै समस्या भएमा परामर्श लिन सक्दछन्।

**ओहाशीजी:** एउटा त्यस्तो समुदायको सिर्जना गर्नु महत्त्वपूर्ण छ जहाँ खाँचोमा परेका मानिसहरूलाई बेवास्ता गरिन्छ। म यस्तो एउटा ठाउँ बनाउने आशा गर्दछु जहाँ जसले पनि एस.ओ.एस पठाउन सक्छ र व्यक्ति मद्दतको लागि आउँछन्। समुदाय आधारित एकीकृत देखभाल प्रणाली को साइटमा, त्यस्तो व्यक्तिहरू छन् जसले परामर्श नगरीकन प्रणालीमा जटिल मुद्दाहरू र संघर्ष गरिरहेका छन्। हाल नागोयाले एउटा प्रणालीको विकास गर्दैछ जसले त्यस्ता व्यक्तिहरूको लागि परामर्श प्राप्त गर्न सजिलो बनाउँदछ। म मुद्दाहरूको समाधानका लागि पार्श्व सम्बन्ध-युक्त प्रणालीको सिर्जना गर्ने प्रति आशावादी छु।

## एउटा समुदायको विकास जहाँ दैनिक जडानहरूले सबै व्यक्तिहरूको लागि परामर्श सक्षम गर्दछ



**तोशीए मोरी**
(दायाँ)
स्वास्थ्य र कल्याण केन्द्र निर्देशक
[सार्वजनिक स्वास्थ्य नर्स]
आचुता वार्ड

**काना ओहाशी**
(बाँया)
कल्याण विभाग कल्याण प्रभाग
मिनामी वार्ड स्वास्थ्य र कल्याण केन्द्र
[सार्वजनिक स्वास्थ्य नर्स]

रणनीति 3

# सुरक्षित र स्थिर दैनिक जीवनको लागि प्रमुख प्राकृतिक प्रकोपको खतराबाट जीवन र उद्योगलाई जोगाउँदै

## जीवन रक्षाको लागि मिशन



**- एक प्यारामेडिक को रूपमा तपाइँको कामको बारेमा हामीलाई बताउनुहोस्।**

म प्रत्येक दिन एउटा प्यारामेडिकको रूपमा जीवन बचाउने काम गर्छु। विशेष रूपमा, नागोया प्रकोप रोकथाम कमाण्ड सेन्टरबाट पठाइएको आदेश द्वारा ११९ मा आएको कलको जवाफमा हामी साइटमा एउटा एम्बुलेन्स लिएर बिरामी वा घाइतेलाई जतिसक्दो चाँडो अस्पताल पुर्‍याउँछौं।हामीले साइटमा लक्षणहरू र प्रगतिको मुल्यांकन गरेर अस्पतालमा रिपोर्ट गर्छौं, र कतिपय केसहरूमा, अवस्थालाई बिग्रनबाट रोक्नको लागि, आई वी (इंट्राभेनस) जस्ता प्रक्रियाहरू डाक्टरको निर्देशन अनुसार गर्छौं।

वार्षिक आपतकालिनले वर्ष २०१८ मा करीव १३४,००० केसहरु पठाएको छ जुन लगातार नौ बर्षभरिमा सबै भन्दा बढी हो। यसको मतलव प्रत्येक चार मिनेटमा एक पटक आपतकालिन पठाइन्छ।

हाम्रो कामले नागरिकहरूको स्वास्थ्य र जीवनको सुरक्षा गर्ने भएको ले कामको बेला हामी अलमलिनु मिल्दैन र तेसैले गर्दा म हरेक पटक आफ्नो कर्म प्रति अत्याधिक गर्व महसुस गर्दछु। धेरै व्यक्तिहरू भन्छन् कि उद्धार टोलीको लागि पर्खनु परेको समय धेरै लामो बीतिरहेको जस्तो लाग्छ त्यसैले यो याद राख्दै कि बिरामीहरु आत्तिदैं मद्दत कुरी रहेका छन्, म सक्दो तत्काल प्रेषण र दृश्य मा द्रुत आगमनको लागी कडा मेहनत गर्छु।

हालसालै, स्थानीय बासिन्दाले गरेको छाती कम्प्रेशन्सको कारण एउटा जीवन बचाइएको घटना थियो। यो जीवन बचाउने प्रक्रिया हाम्रो आगमन भन्दा अघि नै भइसकेको थियो र त्यसैले यो घटनाले म मा ठूलो छाप छोडिदियो।

## एउटा शहर जहाँ सबैजना सुरक्षित र स्थिर महसुस गर्न सक्दछ

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

### 1 नागोया पूर्ण रूपमा तयार छ! क्षेत्रीय प्रकोप-तयारी रणनीति

❶प्रकोप-तत्परता गतिविधिहरूको अझ राम्रो जागरूकता प्रबर्द्धन गर्दै
❷प्रत्येक क्षेत्रको आवश्यकता अनुरुप प्रकोप तत्परता उपायहरुलाई बढावा दिदै

### 2 सक्षम र लचिलो! प्रकोप प्रतिक्रिया क्षमता विस्तार गर्न रणनीति

❶प्रकोप प्रतिक्रिया सुविधाहरूको कार्यलाई बढावा गर्ने ,अग्निशमन र उद्धार सेवाहरूको बृद्धि गर्दै आदि।
❷जानकारी भेला गर्ने र संचार लाइनहरूको विविधताकरण र बृद्धि
❸निर्दिष्ट निकासी आश्रयहरूको कार्यक्षमताको बढावा
❹भूकम्प प्रतिरोध र बाढी रोकथाम उपायहरू, आदि मार्फत शहरी प्रकोप तत्परता कार्यहरू बढाउने
❺प्रकोप पछि घर फर्कन असक्षम मानिसहरूलाई सहयोग गर्दै

### 3 सुरक्षित र स्थिर! दैनिक जीवनका लागि सुरक्षा र स्थिर रणनीति

❶प्राथमिक सहायता र आपतकालीन सेवाहरू विस्तार गर्दै
❷एउटा सुरक्षित, स्थिर शहर सिर्जना गर्दै





# नागरिकहरू द्वारा विश्वास गरिएको सुरक्षित र शहरी विकासलाई समर्थन गर्दै

**शुन साकेबे**
मार्गदर्शन सेक्सन
एम्बुलेन्स एडिमनिस्ट्रेशन डिभिज़न
एम्बुलेन्स सेवा विभाग
फायर ब्यूरो

नागोयामा, ११९ मा कल प्राप्त गरे देखि अस्पताल पुग्ने औसत समय ३१.३ मिनेट (२०१८ मा) हो, जुन यसको आकारको ठूलो शहरको लागि धेरै छोटो हो। मलाई लाग्छ कि यो प्रत्येक चिकित्सा संस्थाको आपतकालीन सेवाहरूको समझ र सहयोगको कारण हो। आपतकालीन प्रेषणको संख्या बढ्ने आशा गरिएको हुनाले हामी दैनिक प्रशिक्षणको माध्यमबाट समय छोट्याउन कोसिस गरिरहँदा, हामीले परिवर्तन भइरहेको परिस्थितिलाई सम्बोधन गर्न सम्पूर्ण फायर ब्यूरोलाई संगठित गर्न आवश्यक छ। प्यारामेडिकको रूपमा गत ६ बर्षदेखि मैले विशेष प्रक्रियाहरू जस्तै एन्डोट्रेशियल इन्टुबेशन, इंट्रावेनस ड्रिप, र औशधिको प्रशासन सिख्दै आफैंलाई आपतकालीन उद्धारको लागि समर्पण गरें। मैले अहिलेसम्म अन्य फायर फाइटरहरूको साथ प्राप्त गरेको मेरा ज्ञान र सीपहरू व्यापक रूपमा साझा गर्दै र युवा प्यारामेडिकहरूलाई प्रशिक्षणमा केन्द्रित गर्दै व्यावहारिक क्षेत्रमा मानव संसाधन विकासमा काम गर्ने आशा गर्दछु।

हाम्रो अनुमान छ कि नान्काइ मेगाथ्रस्ट भूकम्पको दौरान, फर्नीचरहरुलाई उपाय लगाएर झर्नबाट रोकेको भए घाइतेहरूको संख्या करिब आधाले घटाउन सकिन्थ्यो। मलाई लाग्छ कि यो हाम्रो महत्वपूर्ण मिशन हो जहाँ शहरी योजनालाई समर्थन गर्ने हो जहाँ भविष्यमा नागरिकहरूले घरबार र स्वैच्छिक आपत्ति रोकथाम संगठनहरूमा प्रकोप तत्परता बढाएर भविष्यमा सुरक्षित महसुस गर्न सक्दछन्।





आपतकालीन टीम र उद्धार टोलीको सहयोगमा लाइफसेभिंग ड्रिल प्रदर्शन गरियो

रणनीति 4

# नागोयाको बलियो आर्थिक आधार आधारित एउटा जीवन्त शहर र नयाँ सिद्धान्तहरूको सिर्जना गर्दै, शहरी कार्यहरूलाई प्रकृतिसंग मेल-मिलापका साथ एकै समयमा उही ठाउँमा अवस्थित हुनु प्रति प्रोत्साहित गर्दै

SUSTAINABLE DEVELOPMENT GOALS 7 9 12 14 15

## नागोयामा नवीनता ल्याउँदै

**- कृपया हामीलाई तपाईंको कामको बारेमा बताउनुहोस्।**

विगतमा, विश्व शेयर बजार पूंजीकरण रैंकिंगमा जापानी कम्पनीहरुको दबदबा थियो, तर हालसालैका वर्षहरूमा गुगल, अमेजन, फेसबुक र एप्पल जस्ता विदेशी कम्पनीहरूले जापानको उपस्थितिलाई कमजोर गर्दै, आफ्नो दबदबा कायम राख्नमा सफल भएका छन्। यस पृष्ठभूमि विपरित, नागोयाले स्टार्ट-अप कम्पनीहरूको निर्माणमा ध्यान केन्द्रित गर्दैछ र उनीहरूले नवीनता ल्याउनेछन् भन्ने आशामा त्यसैको निम्ति वातावरण सुधार पनि गर्दैछ। त्यसै सम्बन्धि उपायहरू, अपरेटिंग सुविधाहरू, र योजना बनाउने कार्यक्रमहरूको जिम्मेवारी मलाई सुम्पिएको छ।

२२०१७ मा, हामीले नागोया ह्याकाथोन् आयोजित गर्यौं जसमा जवान इन्जिनियरहरूले सूचना प्रविधि प्रयोग गरेर विचारहरूको लागि प्रतिस्पर्धा गरे। २०१८ देखि हामीले एउटा एक नवाचारी प्रशिक्षण र व्यवसाय निर्माण कार्यक्रम, नागोया बूस्ट १००००, को आयोजना गर्दै आएका छौं।त्यसपछि २०१९ मा, म अवस्थित व्यवसाय र स्टार्ट-अप कम्पनीहरू बीच विनिमय र अन्तर्क्रिया को लागी एक ठाउँ, 'नागोया इनोभेटरहरुको को ग्यारेज' को उद्घाटनमा संलग्न थिएँ। ह्याकाथन र अन्य गतिविधिहरूले कम्पनीहरूलाई जम्मा गर्ने मात्र नभई पूर्ण समर्थन प्रदान गर्दछ जसले नया व्यापारहरुको सिर्जना गर्दछ।

मलाई अत्याधिक आनन्द को अनुभूति हुन्छ जब कम्पनीहरु जोडिन्छन् र त्यहाँबाट नयाँ व्यवसाय अनि परियोजनाहरूको सिर्जना हुन्छ। व्यवसायका आवश्यकताहरू जुटाउन र मस्यौदा तयार गर्ने र कार्यान्वयन गर्ने उपायहरूमा सामेल हुन सक्षम हुनु मलाई सन्तोषजनक लाग्छ।

### एउटा शहर जसले आफ्नो शक्तिको प्रयोग गर्दै चुनौतीहरूको सामना गर्दछ



### 1 स्वागतम एशिया! स्वागतम म्याग्लेव! शहरी कार्यहरू बढाउने रणनीति

1. च्युओ शिङ्कान्सेन म्याग्लेभ लाइन खोल्नु अघि शहरको केन्द्रको अपील बढावा
2. २० औं एशिया खेलहरूको लागि नेतृत्वमा पूर्वाधार विकास गर्दै
3. पछिल्ला शहरी गतिशीलता टेक्नोलोजीहरू एकीकृत गर्ने शहरको रूपमा नागोयालाई स्थापना गर्न प्रयासहरूको प्रबर्धन गर्दै
4. सार्वजनिक यातायात अधिक सहज र सुविधाजनक बनाउँदै
5. क्षेत्रीय यातायात नेटवर्क बढाउँदै

### 2 दिगो भविष्यको लागि! इको शहर पदोन्नति रणनीति

1. कम कार्बन जीवनशैली र व्यापार शैलीमा सर्दै
2. हरियो शहर वातावरणको सिर्जना गर्दै, प्राकृतिक जल चक्र पुन: स्थापना गर्दै, र जैव विविधता संरक्षण
3. सामाजिक र आर्थिक परिवर्तनलाई अनुकूल बनाउन ३ आर.एस * बढाउँदै
4. वातावरण, अर्थव्यवस्था र हाम्रो समाजलाई जोड्न व्यापक उपायहरूको प्रचार गर्दै






# वैश्विक विस्तारमा नजर राख्दै व्यवसायहरूको बीच तालमेल बढाउँदै

**नाओकी इनागाकी**

सिनियर स्टाफ मेम्बर
ईण्डस्ट्री एण्ड लेबर डिभिज़न
ईण्डस्ट्री डिपार्टमेण्ट
सिविक एण्ड इकनोमिक अफ़ैर्स ब्यूरो

**- नागोयाको शक्ति के हो?**

शहर र कलेज र निर्माण कम्पनीहरूमा उत्कृष्ट मानव संसाधनको प्रशस्तता नै नागोयाको शक्ति हो जस्तो मलाई लग्दछ। कलेज र विश्वविद्यालयका विद्यार्थीहरू मध्ये  तिनीहरू पनि छन् जसले व्यवसाय कार्यक्रममा सिकेको आधारमा रोजगारी रोज्छन्। नागोयाले स्टार्ट-अप कम्पनीहरूको पनि उत्पादन गर्दैछ जुन भविष्यको लागि ए.आई, रोबोटिक्स, स्पेस, र स्वास्थ्यसेवा लगायतका क्षेत्रहरूमा उत्क्रिस्ता सावित हुनेछन्।

**- तपाईले प्रयास गर्न चाहनुहुने उपक्रमहरू अथवा भविष्यका लक्ष्यहरू के हुन्?**

नवीनता सिर्जना गर्न, धेरै चुनौति स्वीकार्नेहरूको उत्पादन गर्न आवश्यक छ जसले अग्रणी भूमिका लिनेछ। मलाई लाग्छ उद्यमी प्रशिक्षण कम्पनी भित्र नयाँ व्यवसायमा काम गर्न सक्ने उद्यमी र मानव संसाधनहरुलाई सक्रियरुपमा लागू गरिनु पर्छ।

एकै समयमा, यो असफलतालाई प्रोत्साहित गर्ने र चुनौतीहरूलाई लिने संस्कृति आवश्यक छ। हामीले एउटा फाउन्डेसन स्थापना गर्नुपर्दछ जहाँ युवा कर्मचारीहरूलाई सक्रिय रूपमा खटाइने छ र उनीहरूलाई आफ्नो गल्तीहरूबाट सिक्नको लागि मूल्यांकन गरिने छ। निरन्तर आविष्कार र उन्नत प्रविधिको प्रयोगको साथ, नागोया त्यस्तो स्थानमा परिणत हुनेछ जहाँ नागरिकहरू अझ बढी प्रशस्तताका साथ बाँच्न सक्छन्, र तेस्तो गर्नका लागि प्रशासनले गर्न सक्ने कडा परिश्रमको आशा गर्दछु।

## 3 नयाँ सिद्धान्तहरूको सिर्जना गर्न आदानप्रदानको प्रचार गर्दै! नवीनता रणनीति

❶नवीनता र नयाँ व्यवसायहरूलाई सहयोग पुर्याउँदै
❷सिद्धान्तको निर्माण र बढ्दो उद्योगहरूको प्रवर्धन, नागोयामा व्यवसायहरू ल्याउन रणनीतिक उपायहरू
❸औद्योगिक एक्सचेन्ज र माइस् - सम्बन्धित व्यवसायलाई बढावा दिदै
❹क्षेत्रीय वाणिज्य पुनरुद्धार
❺प्रशिक्षण र औद्योगिक क्षेत्र द्वारा आवश्यक कर्मचारीको सुरक्षा

## 4 हाम्रो अपीलको भरसक लाभ उठाउंदै! नागोयाको अपीललाई विस्तार र संचार गर्नको लागि रणनीति

❶शहरको अपीलको बारेमा जानकारी सिर्जना गरेर बाहिर पठाउँदै, नागोया क्यासलमा फोकस गर्दै
❷शहरको सांस्कृतिक / ऐतिहासिक सम्पत्ति र पर्यटक आकर्षण सहित नागोयाको अपीललाई बढावा र संचार गर्दै
❸अन्तर्राष्ट्रिय विनिमयको प्रबर्धन गर्दै, आगन्तुकहरूलाई स्वागत गर्ने वातावरण सिर्जना गर्ने, र विदेशबाट आएका आगन्तुकहरूलाई आकर्षित गर्ने
❹खेल र पप संस्कृति मार्फत नागोयाको अपील सिर्जना र संचार गर्दै
❺ नागरिक गौरवलाई प्रोत्साहित गर्दै



नागोया बूस्ट डे, नयाँ व्यापार अवसरहरू सिर्जना गर्नका लागि एउटा पिच ईवेण्ट

## म नागोयाको बारेमा के मन पराउँछु

यदि तपाईंले ध्यान दिएर हेर्नुभयो भने, तपाईंले सामान्य मनोरता भन्दा फरक आकर्षणको अनुभूति गर्न सक्नुहुनेछ।

नागोया स्टेशन वरिपरिको अग्लो इमारतहरू हेर्नका लागि एउटा दृश्य हो! तपाईं गगनचुम्बी भवनहरुलाई हेरेर नागोयाको शक्ति महसुस गर्न सक्नुहुन्छ।

मलाई नागोयाको भाखाको बोली मन पर्छ। मा जहाँ गएपनि यसलाई अंगालेर राख्न चाहन्छु।

नागोया न त गाउँले न त शहरी छ। मलाई नागोया क्यासल वरिपरिको दृश्यहरू मनपर्छ!



नागोया शहर विश्वमा सब भन्दा राम्रो हुने लक्ष्यको लागि उत्तम विशेषताहरू छन्!

सुविधा र जीविकाको एउटा राम्रो सन्तुलन! हिगाशीयामा चिड़ियाघर, विज्ञान संग्रहालय, र नागोया फिलहारमोनिक अर्केस्ट्रा मेरो बाल्यकालदेखि नै मलाई मन पर्दै आएका ठाउँहरु हुन्!

एउटा शहर भए पनि धेरै पार्क र हरियाली भएको कारण मलाई चारैवटा मौसमहरूको आनन्द लिन पाउँदा मलाई यो शहर मन पर्छ।

नागोयाको आफ्नै संस्कृति छ, जस्तै नागोया-मेशी स्थानीय खाना। यो नागोयाको पहिचान हो!

## शब्दावली

**▼आई.ओ.टी**
((इन्टरनेट अफ थिंग्स) आई.ओ.टी ले जानकारी र टेलिकम्युनिकेसन उपकरणहरू जस्तै कम्प्युटरहरू बाहेक दैनिक वस्तुहरूमा इन्टरनेट जडानको विस्तारलाई जनाउँदछ।
आई.ओ.टी ले स्वचालित पहिचान, स्वचालित नियन्त्रण, र टाढाको अनुगमन सक्षम पार्दै यी दैनिक वस्तुहरू इन्टरनेटमा जडान हुन र अन्य उपकरणहरूसँग कुराकानी गर्न अनुमति दिन्छ।

**▼नवीनता**
व्यक्तिको जीवनशैलीमा नाटकीय परिवर्तनहरू ल्याउन नयाँ सिद्धान्तको सिर्जना गर्दै।

**▼ए.आई**
(कृत्रिम बुद्धिमत्ता) टेक्नोलोजीले भाषा, कारण बुझ्न र मानव जातिको तर्फबाट समस्याहरू समाधान गर्न कम्प्युटरहरूलाई बौद्धिक मेशिन हुने अनुमति दिन्छ।

**▼आपतकालीन चिकित्सा सेवा प्रणाली**
(प्राथमिक प्रणाली) थोरै र अचानक ज्वरो जस्तो हल्का रोगहरूको विरामीहरूसँग काम गर्ने; (द्वितीयक प्रणाली) अस्पताल भर्ना वा आपतकालीन शल्यक्रियाको आवश्यकता पर्ने बिरामीहरूसँग व्यवहार गर्ने; (तृतीयक प्रणाली) उन्नत चिकित्सा सेवाको आवश्यकता पर्ने बिरामीहरूसँग व्यवहार गर्ने।

**▼३ आर.एस**
कम गर्नु, पुन: प्रयोग र रेसाइकल -तीन विधाहरू सबैले

नागोयाको क्याफे
संस्कृतिको बारेमा जति
धेरै सिक्नुहुन्छ, तेतिनै
गहिरो हुँदै जान्छ।
कफि शपहरूमा
व्यक्तिहरूलाई जोड्ने
रहस्यमय शक्ति छ।

ताकिनोमिजु पार्कको
दृश्यहरू नागोयामा
सर्वश्रेष्ठ दृश्यहरू मध्ये
एक हो।
नागोया शहरको दृश्य र
प्रकृति देखेर स्फूर्ति
प्राप्त हुन्छ।

मलाई लाग्छ कि
नागोयाका मानिसहरूले
शहरको लागि गहिरो
स्नेह राखेका छन्।
मलाई त्यो प्यारो लाग्छ।

जापानी मिठाईहरू
जापानमा अहिले
सम्मको सर्वश्रेष्ठ हुन्!
स्वाद र सौन्दर्यतामा
गुणस्तरीय।
यो त म ढुक्कले भन्न
सक्छु!



यहाँ धेरै अद्भुत र
आकर्षक व्यक्तिहरू
छन्।
अनि यति धेरै
स्वादिष्ट खाना र
रक्शी ...
छनौट गर्न गाह्रो हुने।

पवित्र-स्थलहरू र
प्राचीन खण्डहरू धेरै
चाखलाग्दो हुन्छन्
किनभने
तिनीहरूमा अद्वितीय
जीवहरूको घर छन्।
हामी सबै उनीहरूको
सुरक्षामा भाग लिन्छौं!

नागोयाका
व्यक्तिहरूलाई
नागोयामा गर्व छ।
म नागोयाका यस्ता
नागरिकहरू मन
पराउँछु जो समुदायमा
सामेल छन्!

अस्पतालहरू जस्तै धेरै
मेडिकल संस्थानहरू
भएकाले तपाईहरु
मनोशान्तिसहित बाँच्न
सक्नुहुन्छ।
म वरिष्ठ नागरिकहरूको
पास को लागी कृतज्ञ छु।



फोहोर काट्नमा प्रयोग गर्न सक्दछन्

**▼सुपर मेगा क्षेत्र**

टोक्यो, नागोया र ओसाका हाल विशाल शहरमा मेगा-क्षेत्र भनिन्छ।
सम्पूर्ण च्युओ शिङ्कान्सेन म्याग्लेभ लाइनको समाप्तिले यी तीन महानगरहरूलाई अझ नजिकमा ल्याउनेछ, विश्वको सबैभन्दा घनी जनसंख्या भएको सुपर मेगा-क्षेत्रको स्थापना गर्ने क्रममा प्रत्येक शहरले यसको विशिष्ट विशेषताहरू राख्नका लागि अनुमति दिनेछ।

**▼ग्रेटर नागोया**

लगभग ३० देखि ५० किलोमिटर व्यासियको क्षेत्र नागोया शहरमा केन्द्रित।
क्षेत्रको वास्तविक आकार विशिष्ट फोकस (उदाहरण उद्योग, पर्यटन, र प्रकोप तयारी) अनुसार फरक हुन सक्छ।

**▼माइस्**

बैठकको लागि छोटो, प्रोत्साहन यात्रा, सम्मेलन र प्रदर्शनी / ईवेण्ट। शब्दले कुनै पनि प्रकारको व्यवसायकि घटनालाई बुझाउँदछ जुन ठूलो संख्यामा व्यक्तलिाई आकर्षण गर्दछ र उनीहरूको अन्तर्क्रयिामा सुविधा पुर्‌याउँछ। उदाहरणमा कम्पनीका बैठकहरू, कर्पोरेट प्रोत्साहन यात्रा, अन्तर्राष्ट्रयि संस्थाहरू, समूहहरू, र शैक्षकि समाजहरू द्वारा आयोजति अधविशनहरू, साथै प्रदर्शनीहरू, व्यापार मेलाहरू र सम्बन्धति घटनाहरू सामेल छन्।

**▼लोकोमोटिभ सिन्ड्रोम**

खडा र हिड्ने जस्ता मोटर फंक्शनहरू हड्डी र मांसपेशहिरु सहति मोटर सस्टिम को कमजोरीका कारण बग्रिने अवस्था

**नागोया शहर मास्टर-प्लान २०२३ को गाइडबुक**
अप्रिल २०२०
सम्पादक र प्रकाशक: योजना प्रभाग, योजना विभाग,
सामान्य मामिला ब्यूरो, नागोया शहर
१-१ सान्नोमारू--चोमे, नाका-कु,
नागोया शहर ४६०-८५०८
फोन: ०५२-९७२-२२०३  फ्याक्स: ०५२-९७२-४४१८